छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २६ •अंक १५० • २०८१ साल कार्त्तिक ६ गते मंगलबार (22 October, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं, हाम्रा संस्कृतिक पर्वहरुको जगेर्ना गरौं, चाडपर्वमा अनावश्यक खर्च नगरौं, मद्यपान र चुवातास जस्ता विकृतिको अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

## विवाह महोत्सवको भव्य तयारी

# अयोध्याबाट जन्ती आउने, जानकी मन्दिरमा सप्ताहव्यापी आयोजन

**टुडे समाचारदाता**

जनकपुरधाम । भगवान सीताराम विवाह महोत्सव भव्य रुपमा मनाउन तयारी थालिएको छ। अयोध्या राम मन्दिर निर्माण समितिका सचिव सम्पत्त रायको नेतृत्वमा आउने विशाल जन्तीको व्यवस्थापन र जानकी मन्दिरमा कार्यक्रम आयोजनको तयारी सुरु भएको छ।

आगामी मंसिर २१ गते विवाहपञ्चमीको मूल समारोह सीता स्वयम्बर र विवाह महोत्सवको आयोजन हुने छ। जानकी मन्दिरले सप्ताहव्यापी रुपमा विवाह महोत्सवको आयोजन गर्दै आएको छ। मिथिलामा विवाहको विधि र रामायणमा वर्णित सीताराम मिलन प्रसंगलाई विवाहमहोत्सवमा विशेष ध्यान दिइन्छ। भगवान रामको नगरदर्शन, फुलवारी लिला, मटकोर, स्वयंर, विवाह महोत्सव, रामकलेवा लगायतको विशेष आयोजन गरिन्छ।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव र अयोध्याका सन्त चम्पत्त राय लगायतको अग्रसरतामा विवाह महोत्सवमा अयोध्याबाट जन्ती ल्याउन थालिएको हो। झण्डै दुई दशकदेखि भारतको अयोध्याबाट जनकपुरधाममा जन्ती आउन थालिएको छ।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ पनि जन्तीमा सहभागी भएका थिए। मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको आमन्त्रणमा मुख्यमन्त्री योगी विवाह महोत्सवमा आएका थिए।



नेपाल र भारतबीच त्रेता युगदेखि नै 'बेटी रोटी'को सम्बन्ध रहँदै आएको छ। जनकपुरधाममा प्राकट्य सीता माता र अयोध्यामा अवतरित भगवान रामबीच त्रेता युगमा बिबाह सम्पन्न भएदेखिको संस्मरणमा जानकी मन्दिरले हरेक वर्ष बिबाहमहोत्सवको आयोजनागर्दै आएको छ।

रामजानकी विवाह महोत्सव तयारीका लागि जानकी मन्दिरले सम्पन्न गरेको बैठकमा विगतको भन्दा भव्यरुपमा महोत्सवको आयोजन गरिने निर्णय भएको छ।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले अयोध्याबाट ५ सय भन्दा बढी संख्यामा जन्ती आउने बताएका छन्। 'श्रीराम जन्मभूमी तिर्थक्षेत्र ट्रष्टका सचिव चम्पत रायको नेतृत्वमा जन्ती आउने जानकारी प्राप्त भएको छ' महन्थ वैष्णवले भने, विवाह महोत्सवमा आउने जन्तीको स्वागत र विश्राम लगायतको कार्यक्रमबारे अगाडि नै अवगत गराउनु पर्छ।'

भगवान रामको अयोध्यामा प्राणप्रतिष्ठा भएपछि पहिलो पटक ठूलो संख्यामा जन्ती आउन थालेको छ। हरेक पाँच वर्षमा जन्तीलाई विशिष्टता प्रदान गरिन्छ।

सीताराम विवाह महोत्सवलाई भव्य रुपमा आयोजन गर्न जनकपुरधाम उपमहानगर पालिकाले सरसफाई लगायतको कामलाई विशेष ध्यान दिएको छ। 'नगरक्षेत्रको सरसफाई, मेलामा आउने श्रद्धालुहरुको बास, शौचालय, पिउने पानीलगायतको व्यवस्था गरिने छ' जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले भने, धार्मिक सांस्कृतिक नगरी जनकपुरधाममा विवाह महोत्सवले पर्यटकहरुलाई आकर्षित गरिरहेको छ।

रामजानकी विवाह महोत्सवको परम्परालाई जानकी मन्दिरले निर्वाह गर्दै आएको छ। संघीय सरकार अथवा प्रदेश सरकारको मेला आयोजनमा भूमिका न्यून हुने गरेको छ। मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश प्रदेशको उद्योग वाणिज्य महासंघ, जनकपुरधाम उपमहानगरपालिकालगायतका निकायहरुसित सोमबार छलफल गरेका छन्। तर विवाह महोत्सवका लागि बजेट विनियोजन गरिएको छैन। अयोध्यामा भगवान रामको प्राण प्रतिष्ठा भएदेखि जनकपुरधाममा हिन्दू धर्मावलम्बी पर्यटकहरुको ओइरो लागेको छ। दिनहुँ हजारौको संख्यामा आउने भारतीय हिन्दू पर्यटकहरुलाई यहाँका अन्य धार्मिक, सांस्कृतिक स्थलहरुको भ्रमण गराउने व्यवस्था मिलाउन आवश्यक रहेको मधेश प्रदेश उद्योग वाणिज्य संघका उपाध्यक्ष जितेन्द्र महासेठ बताउँछन्। महासेठका अनुसार यहाँ आउने पर्यटकलाई जति समय रोक्न सके त्यती राम्रो व्यवसायिक कारोबार हुने छ।

हिन्दू पर्यटकहरुका लागि मधेश प्रदेशमा प्रयाप्त दर्शनीय स्थलहरु रहे पनि समन्वय नहुँदा एकदिनमै फर्कने गरेको मारवाडी सेवा समितिका अध्यक्ष निर्मल कुमार चौधरीले बताए।

'संघीय सरकारले जनकपुरधामलाई ' विवाह हब' बनाउने घोषणा गरेको छ 'उनले भने, तर त्यसको कार्यान्वयन हुने संभावना कमजोर नै देखिन्छ।

विवाह महोत्सवको आयोजन भइरहेको बेला बारा जिल्लामा गढीमाईको मेला आयोजन पनि थालिएको छ। पाँच वर्षमा लाग्ने गढीमाई मेला पनि यस वर्ष परेको छ। गढीमाई मेला एक महिना सम्म लाग्ने गरेको छ। मेलामा लाखौं मानिस आउने आयोजकहरुले बताएका छन्।

सीताराम विवाह महोत्सव र महागढीमाई मेलालाई जोड्न सके पर्यटकहरुलाई समेत सहज हुनेछ। एकै साथ दुई ठूलो आयोजनमा हिन्दू श्रद्धालुहरुलाई जोड्ने उपयुक्त अवसर भएकाले प्रदेश सरकारले विशेष पहल गर्न आवश्यक छ।

## अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग - ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

### भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!


पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला।

BE CIVIL 4 Years
BBA 4 Years
MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३



# वीरगञ्ज भन्सार कार्यालयको राजस्व सङ्कलनमा सुधार

पर्सा । वीरगञ्ज भन्सार कार्यालयमा हुने राजस्व सङ्कलनमा क्रमिक सुधार देखिएको छ । गत आर्थिक वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा भन्सार कार्यालयले रु २२ करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ ।




गत आर्थिक वर्षको असोजसम्म कार्यालयले रु ३८ अर्ब ८५ करोड ३१ लाख राजस्व सङ्कलन गरेकामा चालु आवको सोही अवधिमा कार्यालयले रु ३९ अर्ब सात करोड ३९ लाख राजस्व सङ्कलन गरेको हो ।

यद्यपि कार्यालयले चालु आवको असोजसम्म रु ५२ अर्ब ९९ करोड ६३ लाख राजस्व सङ्कलनको लक्ष्य लिएको थियो । हाल सङ्कलन भएको राजस्व लक्ष्यभन्दा २६ प्रतिशतले कम रहेको कार्यालयका सूचना अधिकारी राघुलाल कर्णले जानकारी दिनुभयो । गत आर्थिक वर्षको पहिलो तीन महिनामा कार्यालयले रु ५६ अर्ब ८४ करोड ६३ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा ३२ प्रतिशत कम राजस्व सङ्कलन गरेको थियो ।रासस

# राजविराज हटियामा 'सपिङ कम्प्लेक्स' बन्दै

राजविराज । सुन्दर हाट र व्यवस्थित बजार बनाउने उद्देश्यले राजविराज हटियामा 'सपिङ कम्प्लेक्स' निर्माण गरिएको छ । दुईतले उक्त कम्प्लेक्स निर्माणको अन्तिम चरणमा पुगेको छ ।

पाँच वर्षअघि राजविराज नगरपालिकाका तत्कालीन नगरप्रमुख शम्भुप्रसाद यादवको नेतृत्वमा थालिएको कम्प्लेक्स निर्माण सम्पन्न हुन लागेको हो । राजविराज-७ स्थित हटियाको एक बिघा ११ कठ्ठा जग्गामा सघन सहरी विकास कार्यक्रमअन्तर्गत नगरपालिकाले प्राप्त गरेको कूल रु ३५ करोडमध्ये रु १९ करोडमा भवन निर्माण थालिएको हो ।निर्धारित समयमा भवन सम्पन्न नहुँदा हटिया वरपर जथाभावी पसलहरु सञ्चालन हुँदै आएका छन् । जथाभावी सागसब्जी, किराना पसल, फलफूल, विभिन्न कस्मेटिक समान, चामल, भाँडावर्तन, दाउरा नाङ्लो बेच्ने व्यापारी अव्यवस्थित रुपमा बसेर बिक्री गर्न बाध्य छन् ।



स्थानीय व्यापारी श्रवण दासले हटिया व्यवस्थित गर्न निर्माण थालिएको सपिङ कम्प्लेक्स निर्माणले गति लिएपछि छिट्टै व्यवस्थित भवनमा बसेर व्यापार गर्न पाइने आशा गरेका छन् । सपिङ कम्प्लेक्सको ९० प्रतिशत काम सकिएर ढल निकासीका लागि नाला बनाउने काम भइरहेको कार्यवाहक नगरप्रमुख इसरत परविनले बताउनुभयो ।

सपिङ कम्प्लेक्समा तीन सय आठ कोठा रहने छन् । भवन निर्माण डिभिजन कार्यालयमार्फत रसुवा रोसन जेभी निर्माण कम्पनीसँग सम्झौता भई भवन निर्माण भइरहेको छ ।

ठेकेदारको लपरबाहीका कारण निर्धारित समयभन्दा तीन वर्ष ढिला भएको हो ।सपिङ कम्प्लेक्स भवन निर्माण छिटो सम्पन्न नहुँदा हाल राजविराजको राम मन्दिर देखि पानीट्याङ्की रोड बिच सडकमा हाट लगाउँदा सर्वसाधारण तथा सवारी चालकहरुलाई आवतजावतमा समस्या हुने गरेको छ ।रासस

# सौर्य विद्युत् परियोजनामा कर्जा लगानीसम्बन्धी सम्झौता

काठमाण्डु । ग्लोबल आइएमई बैंकले प्राइम पावर लिमिटेडले प्रवर्द्धन गर्ने सौर्य विद्युत् परियोजनामा कर्जा लगानी गर्ने भएको छ । कर्जा लगानीसम्बन्धी द्विपक्षीय समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्राइम पावर लिमिटेडका अध्यक्ष आशीष गर्गले सोमबार हस्ताक्षर गर्नुभएको छ ।




समझदारी अनुसार प्राइम पावर लिमिटेडले ३० मेगावाट क्षमताको सौर्य विद्युत् परियोजना कपिलवस्तु जिल्लामा निर्माण गरी सञ्चालन गर्नेछ । त्यसअवसरमा प्राइम पावर लिमिटेडका अध्यक्ष गर्गले यस परियोजनाद्वारा उत्पादित विद्युत् खरिदका साथै चनौटास्थित सबस्टेसनमार्फत राष्ट्रिय प्रशारण लाइनमा विद्युत् जोड्नका निमित्त नेपाल विद्युत् प्राधिकरणसँग कम्पनीको सम्झौता भइसकेको जानकारी दिनुभयो ।

यस परियोजनामा संलग्न लगानीकर्ता समुहद्वारा विभिन्न पाँच सौर्य परियोजनाअन्तर्गत ५६ मेगावाट कूल जडित क्षमताको आयोजनामा समेत लगानी छ ।

नेपालमा सञ्चालित सौर्य परियोजनामध्य उक्त परियोजना सौर्य ऊर्जाअन्तर्गत विद्युत् क्षेत्रको सबैभन्दा ठूलो क्षमताको परियोजना हो । बैंकले नविकरणीय र हरित उर्जा उत्पादन, प्रशारण तथा वितरणमा आफ्नो लगानी प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप सौर्य तथा जलविद्युत्मा सुलभ ब्याजदरमा कर्जा लगानी गर्दै आएको छ ।रासस

# देशलाई निकास दिन कांग्रेस-एमालेबीच गठबन्धनः उपमहासचिव ज्ञवाली

सिमकोट । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीपकुमार ज्ञवालीले देशलाई निकास दिनका लागि नेपाली कांग्रेस र एमालेबीच गठबन्धन भएको बताउनुभयो ।

एमाले स्कुल विभागद्वारा हुम्लाको सिमकोटमा सोमबारदेखि सुरु प्रशिक्षण कार्यक्रममा उहाँले भन्नुभयो, "देशमा अस्थिरता र भ्रष्टाचार बढ्यो, अर्थतन्त्र शिथिल हुँदा मुलुकलाई निकासा दिन एमाले र कांग्रेसबीच सहकार्य भइ सरकार बनेको हो ।" उहाँले वर्तमान सरकार आगामी चुनावसम्म टिक्ने समेत बताउनुभयो ।

उपमहासचिव ज्ञवालीले कांग्रेस र एमाले मुलुकका मुख्य प्रतिस्पर्धी पार्टी भए पनि अहिलेको सहकार्य आवश्यकताका आधारमा भएको बताउनुभयो ।

विसं २०४७ साल यता संविधान संशोधन, विभिन्न निर्वाचनदेखि माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने विषयमा पनि दुवै पार्टी मिलेको उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, "वर्तमान सरकार गठनपछि मुलुकमा सकारात्मक संकेत देखिएका छन्, जनतामा विश्वास बढेको छ, सहकारीमा ठगिएका पीडितका लागि न्यायका पक्षमा कारबाही सुरु भएको छ भने



विकास निर्माण सुरु हुनुका साथै अन्तर्राष्ट्रियस्तरका सम्बन्ध सुदृढ भएको छ ।"

उपमहासचिव ज्ञवालीले हुम्ला अपार सम्भावना बोकेको र सम्भावनाले भरिएको जिल्ला भएको बताउनुभयो । उहाँले २४ वर्षपछि आफू यहाँ आउँदा धैरै परिवर्तन भएको पाएको बताउनुभयो । उहाँले आफू यहाँ आएर नेपाली भूमि लिमी लाप्चाबाटै मानसरोवर कैलाशको समेत दर्शन गर्न पाएकामा खुसी व्यक्त गर्नुभयो ।

सदरमुकाम सिमकोट राष्ट्रिय सडकसँग जोड्ने खार्पुदोभानको कर्णाली नदीमा पक्की पुल बन्न समय लाग्ने भएकाले बेलीब्रिज पुनःनिर्माणलाई सरकारले ध्यान दिने उहाँको भनाइ थियो ।रासस

# "मातृभाषामा समाचार सुरुवातले भाषा र संस्कृति संरक्षणमा परिवर्तन ल्याउन सक्छ"

काठमाण्डु । नेपाल भाषा आन्दोलनका अगुवा तथा त्यससँग सम्बन्धित संस्थाका पदाधिकारीले मैथिली र नेपाल भाषामासमेत राष्ट्रिय समाचार समिति (रासस)ले औपचारिकरुपमा समाचार बुलेटिन सुरुवात गरेकामा खुशी व्यक्त गर्नुभएको छ ।

उहाँहरुले संविधानले दिएको अधिकार उपयोग गर्ने र समावेशी समाज निर्माण गर्ने विषयमा राससले नेपाल भाषा र मैथिली भाषामा आरम्भ गरेको समाचार सेवा प्रकाशन सह्रानीय रहेको बताउनुभयो । नेपाल भाषा आन्दोलनका अगुवाहरुले बहुभाषिक सञ्चारका हिसाबले राससले शुरु गरेको अभियानले क्रान्तिकारी परिवर्तन ल्याउन सक्ने धारणा राख्नुभयो ।

आफना समाचार सेवालाई समावेशी चरित्रको बनाउने उद्देश्यले गत असोज २९ गतेदेखि मैथिली र नेपाल भाषामा परीक्षण शुरु गरेको राससले आइतबारदेखि दुवै भाषाका सेवालाई औपचारिकता प्रदान गरेको हो । राज्यको लगानी रहेको राससमार्फत सार्वजनिक चासोका सूचना र जानकारी आम नागरिकले उनीहरूकै भाषामा प्राप्त गर्ने अवसर मिलेको छ ।यसअघि राससले संविधानको मर्म र भावनाअनुरुप सङ्घीयता र समावेशी अवधारणालाई आत्मसात् गर्दै विसं २०८० पुस २३ गतेदेखि अवधी भाषामा समाचार सेवा प्रारम्भ गरेको थियो भने गत भदौ १७ देखि चौबीसै घण्टा समाचार सेवा दिँदै आएको छ ।

राससले मुलुकमा नेपालीपछि सबैभन्दा धेरै जनसंख्याले बोल्ने मैथिली र नेपाल भाषामा समाचार उपलब्ध गराउन गरेको पहल कदमीले मातृभाषामा कसरी पत्रकारिता गरौँ भनेर बसेकालाई जागरुक तुल्याएको प्रतिक्रिया प्राप्त नेपालीभाषीहरुले दिनुभएको छ । यसअघि राससले आइतबार ती दुवै भाषाका समाचार अनुवाद र सम्पादन गर्ने चार जना जनशक्ति छनौट गरी जिम्मेवारी तोकेको थियो ।



समावेशी लोकतन्त्रमा भाषिक, सांस्कृतिक, समानता र अपनत्वको अभ्यास आवश्यक हुने बताउँदै आइतबार औपचारिक उद्घाटन कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले भन्नुभयो, "शान्त, समुन्नत, सभ्य, समतामूलक समाज निर्माणका लागि सुन्दर अभियानकारुपमा राससको नेपाल भाषा र मैथिली भाषाको सुरुवातलाई लिन सकिन्छ ।"राससले प्रारम्भ गरेको नेपाल भाषाको समाचार सेवाबारे त्यस भाषाको विकास, विस्तार र संरक्षणमा लाग्नुभएका अगुवासँग राससले गरेको कुराकानीको सम्पादित अंश :

**सुरेश किरण मानन्धर : सदस्य भाषा आयोग**

संविधानले दिएको अधिकार उपयोग गर्ने र समावेशी समाज निर्माण गर्ने कुरामा राससले गरेको काम सह्रानीय छ । मातृभाषा अर्थात बहुभाषिक सञ्चारका हिसाबले क्रान्तिकारी परिवर्तन ल्याउँछ जस्तो लाग्छ । राससको समाचार बुलेटिन देशका सबै सञ्चार माध्यमले प्रयोग गर्ने सामाग्री हो । यो एउटा मात्र सञ्चार माध्यम्सँग आबद्ध छैन । रासससबाट जाने समाचार सम्पूर्ण सञ्चार माध्यममा जाने भएकाले राससले नेपाल भाषा र मैथिली भाषाको समाचार सम्प्रेषण गरेपछि नेपालका अरु पनि सञ्चार माध्यमका लागि सामाग्री उपलब्ध हुन्छ । मातृभाषामा कसरी पत्रकारिता गरौँ भनेर बसेकालाई यसले जागरुक तुल्याउँछ । सञ्चार र पत्रकारिताका हिसाबले यसको महत्व धेरै रहन्छ । मातृभाषा संरक्षणका लागि विभिन्न काम र अनुसन्धान गरिएको हुन्छ ।

सरकारी कामकाजकासाथै सञ्चारमा पनि मातृभाषाको प्रयोग हुन जरुरी छ । विश्व सञ्चारमय तथा मिडिया सक्तिशाली भएर आएको सन्दर्भमा मातृभाषाको पत्रकारितालाई टेवा दिने काम भएको छ । यसले सञ्चार र सूचना सम्प्रेषक मात्र नभई मातृभाषाको संरक्षणमा सञ्चारलाई कसरी उपयोग गर्न सक्छौँ भन्नेमा ठूलो टेवा दिन्छ । यसमा संवैधानिक अधिकारको प्रयोगको कुरा त छँदैछ, मातृभाषा संरक्षणको सवालमा पनि सञ्चारलाई जोड्ने काममा रासससबाट यो काम अत्यन्तै आवश्यक र हुनुपर्ने काम भएको छ । राससले नेपालीभाषामा गएका समाचार हुबहु अनुवाद मात्रै गरेर राख्ने होइन कि सम्बन्धित समुदायका भाषा, संस्कृति, इतिहास, रहनसहन र वेशभूषाका, सम्पदाका समाचार राख्न जरुरी छ । अर्कोतर्फ नेपाल भाषा आन्दोलनका अगुवा साथीहरुले पनि राससले उपलब्ध गराएको यो बुलेटिनलाई सकभर सबै सञ्चार माध्यममा पुऱ्याउने, पहुँच बढाउने तथा प्रयोगमा ल्याउने कार्य अभियान चलाउनुपर्छ । ताकि राससले तयार गरेका सामाग्रीको सही उपयोग होस । सही ठाउँमा पहुँच पुऱ्याउने काम हामीले गर्नुपर्छ ।

**विमलप्रभा बज्राचार्यः कथाकार नेपाल भाषा**

रासससबाट नेपाल भाषा र मैथिली भाषामा समाचार सम्प्रेषण गरिने विषय हामी नेपाल मातृभाषीका लागि राम्रो र खुशीको कुरा हो । सङ्कुचन हुँदै गएको नेपाल भाषाको पुनः एकपटक प्रचार प्रसार भएको छ । रासससबाट नियमितरुपमा समाचार बुलेटिन प्रकाशित भएपछि नेपाल भाषा र संस्कृति सबै ठाँउमा प्रचार प्रसार हुनेछ । नेपाल राष्ट्रको पहिचानसँग जोडिएको नेपाल भाषाको उत्थान र प्रवर्द्धन गर्ने हेतुले रासससबाट दैनिकरुपमा यस भाषामा समाचार आरम्भ भएकामा धन्यवाद भन्न चाहन्छु । नेपाल भाषाको विकास र विस्तारका लागि रासससलाई म मेरो ठाँउबाट परेको खण्डमा आवश्यक ज्ञान र सहयोग उपलब्ध गराउने विश्वास दिलाउन चाहन्छु ।


**पवित्र बज्राचार्य : अध्यक्ष नेवा देय दबु :**

राससले दैनिकरुपमा नेपाल भाषा र मैथिली भाषामा समाचार दिन शुरु गरेको छ । यो राम्रो कार्यको थालनी भएको छ । सयौं बर्षदेखि नेवारी समुदायले भोगिरहेको आफ्नो भाषा र संस्कृतिको संरक्षणका लागि गरेको अभियानलाई राज्य पक्षले सहयोग नगर्दा नेपालभाषा हराएर जाने परिस्थितिसम्म पुगेको थियो ।

अहिले राससले नेपाल भाषामा बुलेटिन निकालेर समाचार सम्प्रेषण गर्ने कामको थालनी गरिदिएर नेवार समुदायले उठाएको माग अब पुरा हुने दिशातर्फ गयो भन्ने लागेको छ । लोकतन्त्र र गणतन्त्र हामी सबै भन्छौँ, तर विभिन्न समुदायका सर्वसाधारणले त्यो महशुस गर्न पाइरहेको थिएन ।रासस

# नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमिति पुनर्गठनः रेडक्रस ऐन ल्याउन माग

काठमाण्डु । नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमिति ५२ सदस्यीय बनेको छ । यही कात्तिक २ गते बसेको केन्द्रीय कार्यसमिति बैठकले मौजुदा कार्यसमितिमा वरिष्ठ उपाध्यक्षसहित १७ सदस्य मनोनय गरेको हो । बैठकले वरिष्ठ उपाध्यक्षमा चन्द्रकला कार्कीसहित अन्य सदस्य मनोनयन गरेको सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले राससलाई जानकारी दिनुभयो । यसअघि नेपाल रेडक्रसमा ३५ सदस्यीय कार्यसमिति थियो ।




बैठकले आगामी मङ्सिर २६ र २७ गते विधान महाधिवेशन आह्वानसमेत गरेको छ । नेपाल रेडक्रसलाई थप एकताबद्ध बनाउन गरिएका प्रयासलाई विधान अधिवेशनबाट व्यवस्थित गरिने महामन्त्री श्रेष्ठको भनाइ छ । विधान महाधिवेशनबाट निर्वाचन गरी अहिले देखिएका मतभेदलाई अन्त्य गर्ने दुवै पक्षबीच सहमति भएको उहाँले बताउनुभयो ।

संस्थाको सुदृढीकरण, संस्थामा लामो समयदेखिको विवादलाई अन्त्य गर्नका लागि र सामूहिक प्रतिबद्धतासहितका सुधारका कार्यहरू अगाडि बढाउने बैठकको निर्णय छ । अध्यक्ष प्रा सुदर्शनप्रसाद नेपालले सबै सरोकारवालासँगको निरन्तर संवाद, छलफल, सहमतिलाई निरन्तरता दिँदै वैधानिक र दीर्घकालीन रूपमा समस्या समाधान गर्न वर्तमान कार्यसमिति समिति प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कूम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सिरहाको लहानस्थित सडकपेटीमा किसानले बेच्नको लागि राखेको घोङही। तराईमा थारु समुदायको सांस्कृतिक खानपानमा घोङही प्रमुख खाना मध्येमा पर्छ। *तस्बिर : रासस*

# भन्सार छलेर भित्र्याइएका सामान बरामद



वीरगञ्ज । सशस्त्र प्रहरी बलले आइतबार पर्साका विभिन्न स्थानबाट भन्सार छली गरेर ल्याएको रु १८ लाख ५० हजार मूल्यका लत्ताकपडासहित किरानाका सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको टोलीले आइतबार वीरगञ्ज महानगरपालिका-१६ इनर्वास्थित भन्सार छली गरेर ल्याएको रु १४ लाख ६० हजार मूल्य पर्ने किराना सामान, कपडा, कस्मेटिक, मोटरपार्टस्, मोबाइल एसेसोरिज, इलेक्ट्रोनिक्स तथा मेडिकलका सामान बरामद गरेको हो।

सशस्त्र प्रहरी नायब उपरीक्षक विष्णुहरि घिमिरेले सशस्त्र प्रहरीको सक्रियता बढाएसँगै भन्सार छली गरेर ल्याएका सामान पक्राउ पर्ने क्रम बढेको बताउनुभयो। उहाँले भन्सार छली गरेर बरामद भएको सामानलाई वीरगञ्ज भन्सार कार्यालयमा आवश्यक प्रक्रिया पुर्याएर बुझाएको जानकारी दिनुभयो। सशस्त्र प्रहरीले आइतबार नै ड्राइपोर्टबाट खटिएको टोलीले वीरगञ्ज महानगरपालिका-२५ स्थित चण्डालबाट भन्सार छली गरेर ल्याएको रु एक लाख ६९ हजार मूल्य पर्ने जुत्ता, कपडा र किराना सामान बरामद गरेर वीरगञ्ज भन्सार कार्यालयलाई बुझाएको छ।

यसैगरी गत शनिबार प्रस्तावित सीमा सुरक्षा गुल्म अलौबाट खटिएको टोलीले वीरगञ्ज महानगरपालिका-१९ बर्वास्थित रु दुई लाख २८ हजार मूल्य पर्ने किनाराका सामान, इलेक्ट्रिक सामान, मोटर पार्टस्, कपडा तथा खेलौनाका सामान बरामद गरेर भन्सार कार्यालयलाई बुझाएको छ।रासस

# उपचारमा रगत अभाव हुन नदिन सघन रक्तदान आयोजना हुँदै




महोत्तरी। चाडबाडका बेला हुने समस्या र उपचार कार्यमा रगत अभाव हुन नदिन नेपाल रेडक्रस सोसाइटी बर्दिबास उपशाखाले सघन रक्तदान अभियान सञ्चालन गरिरहेको जनाएको छ। दसैंताका अस्पतालहरूमा माग गरेबमोजिम रगत आपूर्ति नहुँदा भोगेका समस्यालाई दृष्टिगत गर्दै तिहार र छठका समयमा रगतको सहज आपूर्तिका लागि विभिन्न ठाउँमा रक्तदान अभियान आयोजना तथा संयोजन गरिएको रेडक्रस बर्दिबासका उपसभापति रेवन्त कार्कीले जानकारी दिनुभयो।

यसपालि दसैंमा उपशाखाले सञ्चालन गरेको रक्तसञ्चार केन्द्रमा पर्याप्त रगत नहुँदा आकस्मिक रूपमा रक्तदाता खोजेर बिरामीलाई दिनु परेको उहाँले सुनाउनुभयो।

यसै अवस्थालाई दृष्टिगत गर्दै तिहार र छठका बीचमा उपचार कार्यमा रगत अभाव हुन नदिन हाल विभिन्न ठाउँमा रक्तदान कार्यक्रमको संयोजन भइरहेको र हालसम्म दुई सय पिन्ट रगत सङ्कलन गरिएको उपाध्यक्ष कार्कीले जानकारी दिनुभयो।

कात्तिक लागेको गत बिहिबारयता वित्तीय तथा सामाजिक सङ्घसंस्थाहरुले एकपछि अर्को रक्तदान कार्यक्रम आयोजना गरीरहेका छन्। यस क्रममा आइतबारसम्म दुई सय २५ पिन्ट सङ्कलन भएको रेडक्रस बर्दिबास उपशाखाले जनाएको छ।“हाल विभिन्न ठाउँमा कार्यक्रम भइरहेका छन्, अझै दुई/तीन दिनसम्म रक्तदानका कार्यक्रम तय गरेका छौँ”, उपशाखाको रक्तसञ्चार केन्द्र प्राविधिक शाखा प्रमुख सिर्जना देवकोटा भन्नुहुन्छ, “अब छठसम्मै यस भेगका कुनै पनि अस्पताल र बिरामीले उपचारमा रगतको अभाव खेप्नु पर्दैन।”

जिल्लामा रक्तसञ्चार केन्द्र सञ्चालन गर्ने रेडक्रस बर्दिबास उपशाखा मात्र रहेको छ। यस उपशाखाले पछिल्लो एक वर्षयता महिनामा करिब तीन सय पिन्ट रगत अस्पतालहरूलाई पठाउँदै आएको छ।

यसपालि दसैंमा रगतको केही अभाव भएपछि तिहार र छठमा सो समस्या दोहोरिन नदिन आवश्यक सतर्कता अपनाइएको प्राविधिक शाखा प्रमुख देवकोटाको भनाइ छ। “अब हामी ढुक्क भएका छौँ, उपचारका लागि मागबमोजिम रगत उपलब्ध गराउन सक्छौँ”, उहाँले भन्नुभयो, “आउने छठ पर्वसम्ममा पाँच सय पिन्ट रगत सङ्कलन हुने गरी रक्तदान अभियान अगाडि बढाएका छौँ।”रासस

# सत्ताइस वर्षदेखि खानेपानी योजना अधुरै



राजविराज। हनुमाननगर कङ्कालिनी नगरपालिका-७ स्थित हनुमानगर बजारमा २७ वर्षअघि निर्माण सुरु गएको खानेपानी आयोजना निर्माण अधुरै छ।

स्थानीयलाई शुद्ध खानेपानी उपलब्ध गराउने लक्ष्यसहित तत्कालीन हनुमाननगर गाउँ विकास समितिको पहलमा स्थानीय स्वास्थ्य चौकी परिसरमा विसं २०५४ मा योजना निर्माण सुरु गरिएको थियो। योजनाको करिब ७५ प्रतिशत काम सम्पन्न भएको छ।

स्थानीय अमन यादवले २७ वर्ष भइसक्दा पनि एउटा आयोजना निर्माण गर्न नसक्नु लाजमर्दो विषय भएको बताउनुभयो। उहाँले स्थानीय सरकार र निर्माण कम्पनीले तत्काल योजनाका बाँकी काम सम्पन्न गर्न आग्रह गर्नुभयो। “देशमा थुप्रै परिवर्तन भए तर एउटा योजना निर्माण सुरु भएको २७ वर्षसम्म पनि बन्दैन भने योभन्दा लाजमर्दो कुरा के होला ? यदि आयोजना निर्माण भएमा यस क्षेत्रका दश हजारभन्दा बढी जनता लभान्वित हुने थिए। यसर्थ स्थानीय तह र सरोकारवाला मिलेर तत्काल काम अगाडि बढाउन पहल गर्नुपर्छ”, यादवले भन्नुभयो।

स्थानीय बेचन खड्गाले नगरपालिकाले यसप्रति चासो नदिएकाले सङ्घीयता कार्यान्वयनपछि पनि काम अगाडि नबढ्नु दुःखद भएको बताउनुभयो। नेपाली कांग्रेसका मधेस प्रदेश सचिवसमेत रहनुभएका खड्गाले भन्नुभयो, “नगरपालिकालाई यहाँ शुद्ध खानेपानीका लागि योजनाको काम अगाडि बढाउन आग्रह गर्दा पनि हालसम्म काम सुरु भएको छैन। यसअघि नेतृत्वमा भएका जनप्रतिनिधि र निर्माण कम्पनीले पनि चासो देखाएनन्। त्यसै कारण नगरवासी २६/२७ वर्षदेखि शुद्ध खानेपानीबाट वञ्चित छौँ”, उहाँले भन्नुभयो।

स्थानीय राजेन्द्र मिश्रले योजनाको ७५ प्रतिशत काम भएको भनिए पनि राजनीतिक खिचातानीकै कारण थप काम अगाडि बढ्न नसकेको बताउनुभयो। “पानी ट्याङ्की निर्माण भइसकेको छ तर पाइपलाइन बिछ्याउने काम हुनसकेको छैन। जसकारण नगरवासी आर्सेनिकयुक्त ट्यूबेल तथा चापाकलको पानी खान बाध्य छौँ”, उहाँले भन्नुभयो।

करिब रु तीन करोडको लागतमा निर्माण थालिएको योजना पहिलो किस्तामा केही काम भएर १०/१५ वर्षदेखि राजनीतिक खिचातानीका कारण उपभोक्ता समिति नै गठन हुन सकेन। तत्कालीन खानेपानी निर्माण उपभोक्ता समितिका अध्यक्ष रहनुभएका मोहम्मद सकिल अली हालै मधेस प्रदेशसभा सदस्य हुनुहुन्छ। स्थानीय उहाँलाई पनि अधुरो काम अगाडि बढाउन पहिलकदमीका लागि आग्रह गरिरहेका छन्।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय राजविराजले धेरै दबाबका बीच रु २८ लाखमा काम गर्ने गरी बोलपत्र आह्वान गरी केही काम भए पनि पुनः अवरुद्ध भयो। दोस्रोपटक विसं २०७४ मा बोलपत्र अह्वान गरिएकामा शान्ति निर्माण सेवा फर्सेठले ठेक्का पाएर केही काम गरे पनि रु १३ लाख भुक्तानी नपाएको भन्दै उसले पनि काम अगाडि बढाएको छैन। थप कामका लागि म्याद नथपिएका कारण समस्या भएको निर्माण कम्पनीका सञ्चालक नारायण यादवले बताउनुभयो। “रु पाँच लाखको पाइप, सिमेन्ट तथा एक हजार थान बाँसलगायत समान त्यही अलपत्र अवस्थामा राखिएको छ। हामीले समयमा भुक्तानी पाएनौँ, म्याद पनि थपिन। त्यसैकारण नपाएपछि आफूहरू काम गर्न असमर्थ भएको हो”, उहाँले भन्नुभयो।रासस

# तीन महिनामा पाँच करोडको नुन बिक्री

जनकपुरधाम। साल्ट कर्पोरेसन लिमिटेड शाखा कार्यालय जनकपुरधामले चालु आर्थिक वर्षको तीन महिनामा रु पाँच करोड २३ लाख बराबरको आयोडिनयुक्त नुन बिक्रीवितरण गरेको छ।

कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को साउन महिनादेखि असोज महिनासम्म आफनो डिलरमार्फत ४५ हजार तीन सय ७० बोरा नुन बिक्री गरेको कार्यालय प्रमुख शुभनारायण साहले जानकारी दिनुभयो। धनुषा, महोत्तरी तथा सिन्धुली कार्यक्षेत्र रहेको सो कार्यालयले तीनवटै जिल्लामा २५ डिलरमार्फत आयोडिनयुक्त नुन बिक्रीवितरण गर्दै आएको छ।

चालु आर्थिक वर्षमा प्रतिबोरा आयोडिनयुक्त नुन रु एक हजार एक सय ५० का दरले डिलरमार्फत बिक्री भइरहेको प्रमुख साहले बताउनुभयो। कार्यालयले दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गरी सुपथ मूल्यका पसलसमेत सञ्चालन गरी नुन बिक्री गरिरहेको छ।

गत असोज ७ गतेदेखि यही कात्तिक २९ गतेसम्मका लागि सञ्चालन गरिने ती पसलबाट असोज ३० गतेसम्ममा चार हजार छ सय प्याकेट नुन बिक्री गरेको प्रमुख साहले बताउनुभयो।

सहुलियतदरको पसलबाट प्रतिप्याकेट रु २४ तथा सोझै डिलरमार्फत रु २६ मा बिक्रीवितरण भइरहेको छ। आर्थिक वर्ष २०८०/८१ मा कार्यालयले रु १८ करोड ६२ लाख ८१ हजार मूल्य बराबरको आयोडिनयुक्त नुन बिक्री गरेको थियो।रासस

# करेन्ट लागेर युवकको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा करेन्ट लागेर एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। जिल्लाको हँसपुर नगरपालिका-६ स्थित टिल्हीका २२ वर्षीय अरबिन्द कुमार मण्डलको करेन्ट लागेर मृत्यु भएको छ।

सोमबार साँझ जनरेटर तार जोड्ने क्रममा ११ हजार भोल्टेजको बिजुलीको तारमा परेर मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक बरुण बहादुर सिंहले जनाएका छन्।

स्थानीय अशोक यादवले जनाए अनुसार टेण्ट हाउस संचालकसमेत रहेका मण्डल सोमबार साँझ छिमेकीको घरमा पूजा राखिएको बेलामा बत्ती गए पछि जनरेटरको लाइन जडान गर्न छिमेकीको घरसम्म पुऱ्याउँदै गर्दा करेन्ट लागेर उनको ज्यान गएको थियो।

उनलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर ल्याइए पनि चिकित्सकले उपचारको क्रममा मृत घोषित गरे। मृतकको शव पोस्टमार्टमका लागि अहिले प्रादेशिक अस्पताल जनकपुरमा राखिएको चिकित्सकले जनाएको छ।

# रोटरी इन्टरनेशनलको पोलियो उन्मूलन अभियान

काठमाण्डु। रोटरी इन्टरनेशनलले पोलियो उन्मूलनका लागि सचेतना अभियान सञ्चालन गर्ने भएको छ। रोटरीले यही कात्तिक ८ गते उपत्यकासहित सातै प्रदेशमा ‘इन्ड पोलियो नाओ’ विशेष अभियान सञ्चालन गर्न लागेको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ का डिष्ट्रिक्ट




गभर्नर राजेन्द्रमान शेरचनले पोलियो उन्मूलनका लागि जनचेतना फेलाउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको बताउनुभयो। उहाँका अनुसार रोटरीले वार्षिक रुपमा अक्टोबर २४ तारिखलाई विश्व पोलियो दिवसका रुपमा मनाउँदै विश्वव्यापी रुपमा जनतेतना फैलाउन विभिन्न गतिविधि गर्दै आइरहेको छ।

अभियानअन्तर्गत कात्तिक ८ गते बिहान ६:३० बजे ललितपुरको जावलाखेलबाट बृहत् साइकल ऱ्याली हुने तय गरिएको छ। सोही दिन साँझ धरहर सन्देशहरु प्रदर्शनी गरिने आयोजकले जनाएको छ।

“नेपालमा आधिकारिक रुपमा पोलियोका बिरामी छैनन्। तर हामी सधैं सचेत बनिरहनुपर्छ। पछिल्लो समय काठमाडौंको ढलमा पोलियो भाइरस भेटिएको समाचार प्रकाशित भएको थियो। यस कारण पनि हामी सधैँ सचेत भइरहनुपर्छ”, गभर्नर शाक्यले भन्नुभयो।उहाँले पोलियो उन्मूलनका लागि पाँच वर्ष मुनिका सबै बालबालिकालाई नछुटाइ पोलियोविरुद्धको खोप लगाउन अति जरूरी रहेको उल्लेख गर्नुभयो। पोलियो खोप अभियानका लागि रोटरीले इन्टरनेशनलले नेपाल सरकारसँग सहकार्य गर्दै आइरहेको छ।


रोटरीले पोलियो उन्मूलन अभियानसहित सात वटा क्षेत्रमा सामाजिक काम केन्द्रित गर्दै आइरहेको छ। त्यसमध्ये एक महत्वपूर्ण क्षेत्र स्वास्थ्य क्षेत्रको पोलियो विशेष कार्यक्रमलाई मुख्य प्राथमिकता दिएको हो। विश्वबाट नै पोलियो भाइरस उन्मूलन गर्न रोटरीले सुरुवाती समयदेखि नै प्रभावकारी रुपमा काम गर्दै आइरहेको दाबी गरेको छ।

सन् १९०५ मा अमेरिकाको सिकागो सहरबाट सुरु भएको रोटरी इन्टरनेशनल संसारको सबैभन्दा पुरानो सेवामूलक सामाजिक संस्था हो। विभिन्न मुलुकमा ४६ हजारभन्दा बढी रोटरी क्लब ५३८ वटा डिष्ट्रिक्टहरुअन्तर्गत आबद्ध छन्।

साथै १२ लाखभन्दा बढी सदस्य रोटरी सेवामा सक्रिय रहेको संस्थाले जनाएको छ।नेपालमा रोटरीको सुरुवात सन् १९५९ मा भएको थियो। सन् २००८ जुलाई महिनादेखि नेपालमा छुट्टै रोटरी डिष्ट्रिक्ट ३२९२ को स्थापना भएको हो। हाल नेपालमा १६१ वटा रोटरी क्लबले स्थानीयस्तरसँगै राष्ट्रियस्तरमासमेत विभिन्न कार्य गर्दै आएका छन्।रासस

> पछिल्लो समय काठमाडौंको ढलमा पोलियो भाइरस भेटिएको समाचार प्रकाशित भएको थियो । यस कारण पनि हामी सधैं सचेत भइरहनुपर्छ”, गभर्नर शाक्यले भन्नुभयो ।

# धान खेतीको विकल्पमा सिंघारा खेती



जलेश्वर। बर्सेनि धानखेती डुबानमा परेर हैरानी भोगेका जलेश्वरसहित वरपरका सयौँ किसान वैकल्पिक रूपमा सिंघारा खेतीतर्फ आकर्षित हुँदै गएका छन्। प्रत्येक वर्ष रोपेको धानबाली डुबेर आर्थिक क्षति भइरहेकाले थोरै लगानी र कम मेहनतमा मनग्य आम्दानी हुने भएकाले किसानहरू सिंघारा खेतीतर्फ आकर्षित हुँदै गएका हुन्।


धानखेती डुबानमा परेर समस्या हुने र सिंघारा खेतीमा कम मेहनत गरेर राम्रो आम्दानी हुने भएकाले यहाँका सयौँ बिघामा पानी जमेको जग्गामा अहिले सिंघारा (फल) खेती गरिएको जलेश्वर नगरपालिका-१ का किसान भोगिन्द्र पासवानले बताउनुभयो। उहाँका अनुसार जमेको पानीमुनी लहरामा फल्ने सिङ्घारा एक प्रकारको गुलियो र सुन्दर फल हो। जुन स्वास्थ्यका लागि शीतल र पौष्टिक भएकाले स्थानीयस्तरमा निक्कै लोकप्रिय छ।

यस वर्ष भारी वर्षाका कारण जताततै पानी जमेको हुनाले जलेश्वर नगरपालिका र वरिपरिका गहिरो खेत, तलाउ र पोखरीमा ठूलो मात्रामा (काँडेदार गुलाफी रङ्गका सुन्दर र मिठो फल ) सिंघारा खेती गरिएको छ।जलेश्वर- ६ का किसान गोपी मुखियाले डुबानबाट आजित भएपछि पानी जम्ने क्षेत्रका धेरैजसो किसान यस खेतीतर्फ आकर्षित भएको बताउनुभयो।

यसवर्ष वर्षौंदेखि बाँझो रहेको जलाशयमा पनि एक सय ५० बढी घरपरिवारले सिङ्घारा खेती गरेका जलेश्वर-२ का किसान भोला मुखियाले जानकारी दिनुभयो।सिंघारा प्रत्येक वर्ष असोज महिनादेखि नै तयारी हुन्छन् भने स्थानीय बजारमा आकार हेरेर प्रतिकिलो रु १०० देखि एक सय ६० सम्म बिक्री हुने गरेको र यसबाट आफूहरूले प्रत्येक वर्ष राम्रो आम्दानी गरिरहेका जलेश्वर-३ का किसान रामु सहनीले बताउनुभयो।

मिथिलाञ्चलभरि पूजाआजामा प्रसादका रूपमा प्रयोग हुने सिंघारा बालबालिका, बुढापाका र पेटका रोगीले बढी मन पराउने गरेका जलेश्वर- ८ का किसान कलमुद्दिन राईनको भनाइ छ। सिङ्घारा खेतीमा लागेको किसान स्थानीय बजारदेखि सीमापारीका भारतीय बजारमा लगेर पनि सिंघारा बेचेर प्रतिकिसान रु दुई देखि तीन लाखसम्म आम्दानी गर्ने गरेको स्थानीय महादेव मुखियाले बताउनुभयो।

जलेश्वर उद्योग वाणिज्य सङ्घका महासचिव शिवचन्द्र चौधरीले सिंघारा खेतीलाई प्रवर्द्धन गर्नुपर्ने र मौसमी उद्योगकै रूपमा विकास गर्नुपर्ने बताउनुभयो। उहाँले यस फलको खेती गर्ने किसानका लागि उद्योग वाणिज्य सङ्घले आगामी दिनमा विशेष प्याकेजसहितको कार्यक्रम ल्याउनेसमेत बताउनुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# रास्वपाको छवि धूमिल

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछाने सहकारी संस्थाको करोडौं रकम ठगी गरेको अभियोगमा प्रहरी हिरासतमा छन् । उनीमाथि सूर्यदर्शन सहकारी संस्थाको करोडौं रुपैयाँ अपचलन गरेको आरोप छ । उनी गोर्खा मिडिया प्रा.लि.का प्रबन्ध निर्देशक रहेको बेला ६५ करोड बढी रुपैयाँको चेकमा हस्ताक्षर गरेका छन् । ती सबै रुपैयाँ अवैध ढंगले विभिन्न सहकारी संस्थाबाट गोर्खा मिडियामा लगिएको थियो । जीबी राई सहित लामिछाने लगायतका केही व्यक्तिहरुले संगठित रुपमा सहकारीको रकम अपचलन गरेका हुन् । संसदीय समितिले लामिछाने सहकारीको रकम अपचलन गरेको निष्कर्ष निकाल्दै आवश्यक कारबाहीका लागि सरकारलाई प्रतिवेदन बुझाएको छ । लामिछानेले सहकारीको रकम अपचलनमा प्रत्यक्ष रुपमा संलग्न रहेको निस्कर्ष निकाल्ने समितिमा रास्वपाकापनि सांसद सदस्य थिए । पूर्वउपप्रधान एवं गृहमन्त्री लामिछानेको पक्षमा रास्वपाका सबै नेता कार्यकर्ताहरु उभिएका छन् । उनीहरुले लामिछानेलाई पक्राउ गरेर अनुसन्धान गर्दा नेपाली कांग्रेसका धनराज गुरुंग, एमालेका नेताहरुलाई समेत पक्राउ गरी कारबाही गर्नुपर्ने माग गरिरहेका छन् । त्यो माग अनुचित होइन । उनीहरुले लामिछानेलाई निर्दोष भन्नु भन्दा राज्यले पूर्वाग्रही भएर कारबाही गरेकोमा आपत्ति जनाइरहेका छन् । त्यो अस्वभाविक होइन । राज्य निष्पक्ष रुपमा काम गर्नुपर्छ । कुनै नेता अथवा व्यक्तिमाथि बदनियत पूर्ण ढंगले कारबाही गर्न हुँदैन । रास्वपाका कार्यकर्ताहरुले रवि पक्राउ परेपछि मात्र राज्यले पूर्वाग्रही भएर कारवाही गर्न नहुने महसुस गरेका छन् । सञ्चार उद्यमी कैलाश सिरोहियालाई गलत ढंगले नागरिकता लिएको अभियोगमा लामिछानेले थुनामा राख्दा राज्यले निष्पक्ष रुपमा काम गरेको र कानुन भन्दामाथि कोही नरहेको सन्देश दिन रास्वपाका नेता, कार्यकर्ताहरु परिचालन भएका थिए । त्यसको वर्ष दिन नवित्दै उनीहरुको बोली फेरिएको छ । सर्वसधारणको करोडौं निक्षेप अपचलन गरेको अभियुक्तलाई जोगाउन सडकमा ओर्लेर रास्वपाको छविलाई धूमिल बनाउन लागेका नेता, कार्यकर्ताहरुले कानुनलाई काम गर्न दिनुपर्छ । त्यसले रास्वपाको लोकप्रियता बढ्ने छ । रास्वपाका नेता, कार्यकर्ताहरुले रवि इमान्दार भएको प्रमाण जुटाउने र कांग्रेस, एमालेका नेताहरु सहकारीको रकम अपचलन गरेकाले कारबाही हुनुपर्ने मागलाई सशक्त रुपमा उठाउनु पर्छ । तर रविका लागि सडक अबरुद्ध गरी नाराबाजी गर्दा पार्टीको छवि धूमिल भइरहेको छ । सहकारीमा निक्षेप जम्मा गरेर ठगिएका सर्वसधारणको निक्षेप फिर्ता गराउन रास्वपाले प्रभावकारी भूमिका खेल्दा पार्टीप्रति जनविश्वास बढ्ने छ । पुराना र ठूला दलका नेताहरु पनि सहकारीको अर्बौ रुपैयाँ ठगेका छन् । उनीहरुसित पनि रकम फिर्ता गराउनु आवश्यक छ । त्यसका लागि कसैलाई बचाउ गरेर हुँदैन । रास्वपाका नेता, कार्यकर्ताहरुले पार्टीको छवि जोगाउन अदालतको आदेशलाई कुर्नु आवश्यक छ ।

# संसद गाथा र नग्न राजनीति



रोशन जनकपुरी

पूँजीवादी व्यवस्थाको विशेषता के हो भने यसले सबै वस्तु र विचारलाई माल (कमोडिटी)मा र मानिसलाई निष्क्रिय उपभोक्तामा परिणत गरिदिन्छ । रोटी, कपडा, मकान, शिक्षा, स्वास्थ्य, जल, जंगल, जमीन, पहाड, नदी, दुःख, खुशी, आसू, धर्म, जाति, राष्ट्र, राष्ट्रियता, नैतिकता, सबै, पूँजीवादी बजारमा माल बाहेक अरु केही हुँदैन ।

पूँजीवादी व्यवस्थामा नाफाको अन्धो लालसा अपरिहार्य रुपमा आर्थिक, सामाजिक र नैतिक संकट उत्पन्न गराउँछ । समाजलाई भीषण संकटमा धकेलेरपनि पूँजीपतिहरुको नाफाको लालसा शान्त हुँदैन, उल्टो यसले संकटकालीन स्थितिको फाइदा लिएर आफ्नो नाफा झन् बढाउँछ । तीनवर्ष पहिलेको कोरोनाकाल सम्झनुस । संसारभरी मानवीय जीवन त्रासदी र संकटमा फँसेको थियो । तर विश्वस्तरीय विविध आर्थिक प्रतिवेदनहरुका अनुसार यस त्रासदकालमा विश्वस्तरीय पूँजीपतिहरु (विशेष गरेर स्वास्थ्यक्षेत्रमा व्यवसाय गर्ने पूँजीपति) को आर्थिक सम्पतिमा तीनगुना वृद्धि भएको थियो । यो एउटा उदाहरण मात्र हो, पूँजीवादले सबै प्रकारका अवसरहरुबाट नाफा कमाउने बाटो खोज्छ नै ।

पूँजीवादको संसर्गमा राजनीतिक व्यवस्थापनि पूँजी, लाभ र खरिद बिक्रीमा परिणत हुनजान्छन् । अहिले हाम्रो लोकतन्त्रमा देखिने दलालपूँजीपति वर्ग, आर्थिक अनियमितता र भ्रष्टाचारको सर्वव्यापी वर्चस्व यसैको परिणाम हो ।सरकार होस, प्रतिपक्ष होस, सुरक्षाक्षेत्र होस, कर्मचारीतन्त्र होस वा न्यायक्षेत्र, हरेक क्षेत्र भ्रष्टाचार, आर्थिक अनियमितता र अख्तियार दुरुपयोगको रोगबाट भयानकरुपमा ग्रस्त छ । हरेक दिन जनताको नाममा किरिया खाने जनप्रतिनिधिहरु खुलेआम पूँजीपतिहरुको चाकरीमा मस्त देखिन्छन् । यस्का बावजूदपनि उनीहरुले लोकतन्त्रको गुणगान गर्न छाडेका छैनन् । एक किसिमले समग्र संसद नै नांगो देखिन थालेको छ ।

यससंगै अर्को दिक्दार लाग्दो र बेसरम दृश्य के छ भने सबैले आफूलाई इमान्दार र अरुलाई बेइमान भनेर हल्ला मच्चाउँदै छन् ।

तर, यथार्थ के हो भने आर्थिक अनियमितताको यस कालो धन्दामा सबैको हाथ कालो छ ।भर्खरै रास्वपा अध्यक्ष रविलामिछानेलाई सहकारी ठगी र संगठित अपराध मुद्दामा नेकपा एमाले र नेपाली काँग्रेसको गठबन्धन सरकारले गिरफ्तार गरेको छ । लामिछाने गोर्खा मिडिया हाउसको सिइओ रहेको बेला सहकारी संस्थाबाट अनियमित तरिकाले उनको नाममा रकम आएकोले यसमा उनको संलग्नताको आरोप धेरै लामो समयदेखी लाग्दै आएको थियो । विविध छानबीनमा उनको नाम बेलाबेला उठ्ने गरेको थियो । यसलाई लम्ब्याउन र गिरफ्तारीबाट बच्न उनले एमाले र माओवादीकेन्द्र नेतृत्वको सरकारमा गृहमन्त्री नै रोजेको व्याख्या विश्लेषण विविध कोणबाट हुँदै आएकै हो । विशेष गरी नेपाली कांग्रेसका गगन थापा लगायतका सांसदहरुले यस मामिलालाई पटक पटक उठाउने गरेका थिए । यसैलाई काउन्टर दिन तत्कालीन गृहमन्त्री लामिछानेलेनक्कली भुटानी शरणार्थी प्रकरणमा लामो समयदेखी फरार अभियुक्त नेका नजिकका बेचन झा पक्राउ गरे । तर, मिडिया र धेरै विश्लेषकहरुको मतमा यस प्रकरणमा राजनीतिक दलहरुसंगको निकटका मूख्य बिचौलिया मानिने झाको गिरफ्तारी नेका मात्रैको निम्ती होइन, एमालेसमेतको निम्ती संकट निम्त्याउने थियो ।

एमाले अध्यक्ष केपी शर्मा ओली र नेका अध्यक्ष देउवालाई समेत दबाबमा ल्याउन तत्कालीन एमाले माओवादीकेन्द्र गठबन्धनका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि लामिछानेको यसकार्यलाई अनुकूल ठानेर मौनता देखाए । तर बेचन झाको गिरफ्तारी देउवा र ओली दुबैको निम्ती घातक थियो । ओलीले पनि यसलाई प्रचण्डसंगको गाँठो फुकाउने उचित अवसर ठाने । झा गिरफ्तार भएकै साँझ देउवा र ओलीको भेँट भयो र ओलीको प्रधानमन्त्रीत्वमा एमाले नेकाको नयाँ गठबन्धन सरकार बन्यो । लामिछानेको गिरफ्तारी यसको प्रतिउत्तर हो । गजब छ सबैका आ आफ्ना व्याख्याहरु छन् । रास्वपाले आफ्नो अध्यक्षको गिरफ्तारीलाई राजनीतिक प्रतिशोध भनिरहेका छन् र हंगामा मच्चाईरहेका छन् । रोषमालामिछाने स्वयंले ओलीको सरकार ढाल्नु पर्छ भनेर उत्तेजक अभिव्यक्ति दिएका छन् । उनीहरुका अनुसार देउवा र ओलीले नक्कली भुटानी शरणार्थी र ललितानिवास प्रकरण जस्ता नेका र एमालेका नेताहरु सम्बद्धप्रकरणहरुबाट जनताको ध्यान अन्यत्र मोडन लामिछानेको गिरफ्तारी गरिएको आरोप लगाउँछन् । एउटा कोणबाट योपनि सत्य हो ।

अर्कोतिर एमाले समर्थकहरुले रास्वपाको हंगामालाई कलाविहीन नाटक र अपराधीलाई बचाउने कमजोर प्रयत्न भनीरहेका छन् । एउटा कोणबाट योपनि सत्य हो ।

लामिछाने र रास्वपाका अन्य नेताहरुले उनी निर्दोष रहेको दावी गरेपनि परिस्थितिजन्य तथ्यहरु र प्रमाणहरुउनका विरुद्ध देखिन्छन् । कम्तीमा सहकारीको रकम घोटाला भएको बखत लामिछाने गोर्खा मिडियामा संचालक समितीमा निर्णायक पदमा थिए भन्ने प्रष्ट नै छ । लामिछानेको गिरफ्तारीको विरोधमा पोखरामा रास्वपाका कार्यकर्ता र समर्थकहरुले प्रहरीसंग जुधी गरिरहेको बेला अर्कोतिर सहकारी ठगीमा परेका पीडितहरुको प्रदर्शन र लामिछानेको विरोधमा लगाइएका नाराहरुलाई पनि उपेक्षा गर्न सकिँदैन ।

> बुझ्न गाह्रो छ, यसरी प्रष्ट राजनीतिक नैतिकता विरुद्ध देखिने यस बेइमान दानलाई ओलीजस्तो चतुर राजनीतिज्ञले कसरी र किन स्वीकार गरे ! यस प्रकरणमा भीमरावल, बिन्दा पाण्डे जस्ता ओली विरोधी नेताहरुको विरोधी अभिव्यक्तिले सानै स्तरमा नै भएपनि एमालेभित्र विरोधको स्वर छ भन्ने देखिन्छ ।

नि, जतिबेला लामिछाने एमालेसहितको गठबन्धनमा थिए, ठीक थिए, र जतिबेला गठबन्धन फेरियो उनी थुनिए । यस्ले वर्तमान सत्ताराजनीति जनताको निम्ती होइन, सत्तावृत्तमा रहेका धनिकवर्ग र नेताहरुले मिलिजुली खाने खुआउने संयन्त्र मात्र भएको देखाउँछ ।

नेका, एमाले र माओवादी केन्द्र, संसदमा तीनवटा शीर्ष राजनीतिक दलहरु छन्, जसमध्ये कुनै दुईवटाले गठबन्धनमा सरकार बनाउँछ । बाँकी साना दलहरु यिनै तीनवटा मध्येको गठबन्धनमा मिसिएर सत्तामा हिस्सेदारी गर्छन् । यी संसदीय दलहरुले जनताको नाममा देशभित्र र बाहिरबाट आएको आर्थिक आफूमा बाँड बखडा गर्छन्, भागबन्डामा झगडा पऱ्यो भने गठबन्धन मध्येका कुनै एउटा शीर्षदल तेस्रो शीर्षदलसंग मिलेर अर्को गठबन्धन बनाएर आफ्नो स्वार्थ पूरा गर्छ । गठबन्धन सरकार नामक यो सत्ता भागबन्डाको खेल निरन्तर चलिरहन्छ । निर्वाचन होस वा सुरक्षा, कर्मचारीतन्त्र र न्याय सबै आफ्ना गच्छे, स्वार्थ र निकटताको आधारमा यसै लोकतान्त्रिक खेलको रक्षामा योगदान दिइरहेका हुन्छन् । सबैलाई यस लोकतान्त्रिक खेलको अन्तर्य थाहा छ, तर यसलाई नै लोकतन्त्रको प्रतीकको रुपमा सबै महिमा गायन गरिरहेका हुन्छन् । लामिछानेको गिरफ्तारीबारे

हुन त एमालेपनि यसै दलालपूँजीवादी वर्चस्वको संसदिय राजनीतिको एउटा राजनीतिक दल हो । बहुदलिय राजतन्त्रात्मककाल देखी नै अनेकौं आर्थिक अनियमितता तथा भ्रष्टाचार प्रकरणमा यसको नामपनि मुछिँदै आएको छ । अन्य संसदिय राजनीतिक दल जस्तै यस्का नेता तथा कार्यकर्ताहरुपनि गिरफ्तारीमा पर्दैआएका छन् । हालको नक्कली भुटानी शरणार्थी प्रकरण, ललितानिवास सरकारी जग्गा हिनामिना प्रकरण र सहकारी ठगी प्रकरणमा समेत नेका र एमालेका नेता र कार्यकर्ताको नाम चर्चामा आउने गरेको छ । तरपनि, लामिछानेको गिरफ्तारीलाई एमाले नेताहरुले भ्रष्टाचारविरुद्धको शून्यसहनशीलताको रुपमा प्रस्तुत गरिरहेका छन् ।

प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीले आफूले भ्रष्टाचार न गर्ने र अरुलाई पनि गर्न नदिने अभिव्यक्ति पटक पटक दिनेगरेका छन् । तर ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा विशेष अदालतबाट दोषी ठहर भएका भाटभटेनी सुपरमार्केटको सञ्चालक नामूद व्यवसायी मीनबहादुर गुरुङ्गले एमालेको केन्द्रिय कार्यालयको लागी जग्गा दिने र भवन बनाइदिने प्रस्ताव स्वीकार गर्नुले प्रम ओलीको पूँजीपतिसंगको अस्वाभाविक निकटता उदाङ्गिएको छ । अझ, मिडियामा आएको समाचार अनुसार मीनबहादुरले एमालेलाई दिने भनेको जग्गा रियल इस्टेट कारोबारी कालु गुरुङ्गको नाममा रहेको, उनलेपनि उक्त जग्गा कुमारी बैंकमा बन्धक राखेर १२ करोड ऋण लिएको र हालसम्म चुक्ता नगरेको देखिन्छ । गजब के छ भने उक्त बन्धकी राखेको जग्गामा नै एमाले अध्यक्ष ओली र मीनबहादुरले संयुक्तरुपमा एमाले केन्द्रिय कार्यालयको भवनको शिलान्यास गरेका छन् । ओली निकटका एमालेको ठूला र साना नेताहरुले, कुनै व्यापारीले भवन बनाईदिने भनेर दान दिएमा स्वीकार्नु अपराध छैन, भनेर तर्क गरिरहेका छन् । तर यसखाले विवादस्पद व्यवसायी व्यक्तित्वहरु र अर्बौंको सम्पत्ति दानमा स्वीकार्नु निरुद्देश्य नै होला भन्ने पत्याउन कठिन छ । तथ्यहरुले एमाले नेताहरुको दावी विरुद्ध संकेत दिन्छन् ।

बुझ्न गाह्रो छ, यसरी प्रष्ट राजनीतिक नैतिकता विरुद्ध देखिने यस बेइमान दानलाई ओलीजस्तो चतुर राजनीतिज्ञले कसरी र किन स्वीकार गरे ! यस प्रकरणमा भीमरावल, बिन्दा पाण्डे जस्ता ओली विरोधी नेताहरुको विरोधी अभिव्यक्तिले सानै स्तरमा नै भएपनि एमालेभित्र विरोधको स्वर छ भन्ने देखिन्छ । यो विस्तारित हुन्छ वा त्यसै सेलाएर जान्छ, हेर्नु रोचक हुने छ ।


यस्को तेस्रो कोण माओवादी केन्द्र छ, जस्ले सत्ता प्रतिस्पर्द्धाको संसदिय ट्र्याक्टिसमा लामिछानेको बचाउ गरिरहेको छ । सबैलाई थाहा छ, लामिछाने होस वा एमाले नेताहरु, सबैका हात काला छन् । यस्तोमा जुनसुकै निहुँमा भएपनि लामिछानेको बचाउ अन्ततः माके र प्रचण्डको निम्तीपनि हितकर हुँदैन । यस्ले माकेपनि यसै संसदिय राजनीतिको एउटा हिस्सा भएको एकपटक फेरी प्रष्ट हुन्छ ।

जहाँसम्म जनसमुदाय र राजनीतिक दलहरुका कार्यकर्ताहरु र समर्थकहरुको कुरा छ, आ आफ्ना स्वार्थ अनुसार सबैको गच्छे भएपनि संसदिय राजनीतिक दलहरुमा कोहीपनि चोखा नभएकोमा सबै सहमत देखिन्छन् । यस्को निम्ती अन्य तथ्य हेर्नै पर्दैन, सामाजिक सञ्जालमा गरिएका पोस्ट र कमेन्टहरु पढे हुन्छ । कति भयानक छ यो जनविरोधी खेल ? सबैलाई थाहा छ, सबैले विरोध गरिरहेका छन् र सबैले खुलेआम भ्रष्टाचार गरिरहेका छन् । लाग्छ सबैको मिलोमतोमा चलिरहेको छ यो गैरलोकतान्त्रिक संसद ।

समाजवाद र साम्यवादी विचारका प्रवर्त्तक कार्लमार्क्सले संसदिय व्यवस्थालाई खसीको टाउको राखेर सुङ्गूरको मासु बेच्ने थलो भनेका थिए । लोकतन्त्रको नारा भट्याउँदै र दलालपूँजीवादी संगत र प्रोत्साहनमा संसदिय राजनीतिक दलहरु जसरी एक अर्कामाथी आरोप लगाउँदै छन् र आफू खुलेआम भ्रष्टाचार गर्दैछन्, त्यसले समग्र संसदिय राजनीतिलाई नग्न बनाउँदै छ, र मार्क्सको भनाईलाई सिद्ध गर्दैछ । देशमा गणतन्त्र स्थापना भएको अठारवर्षमै वर्तमान लोकतान्त्रिक संरचना कुहिँदै छ ।

पूँजीवादी संसर्गको यो लोकतान्त्रिक संरचनाले बजारको नियमलाई लोकतन्त्रको रुपमा परिभाषित गर्दैछ । यसलाई बचाउँ, होइन भने प्रतिगमनकारी शक्तिले गम्भीर संकट निम्त्याउने खतरा छ है ! यस पूँजीवादी वर्चस्वको गणतन्त्रलाई जनताको वर्चस्व भएको गणतन्त्र बनाउने तर्फ विचार गरौँ !

# सञ्चारमाध्यममा भाषिक विविधता र राससको मातृभाषाको समाचार सेवा



सिद्धराज राई

भाषाविना पत्रकारिताको कल्पना गर्न सकिन्न । संसारमा कुनै न कुनै भाषा प्रयोग गरेर नै पत्रकारिता वा आमसञ्चारमाध्यम सञ्चालन भइरहेका छन् । अन्तर र्राष्ट्रिय रूपमा संयुक्त राष्ट्र सङ्घले अङ्ग्रेजी, चिनियाँ, फ्रान्सेली, रुसी, अरबी र स्पेनी भाषालाई आधिकारिक प्रयोग गरिरहेको छ । यी सबै भाषामा पत्रकारिता भइरहेको छ । संसारका करिब दुई सयभन्दा बढी देशमा आफ्नो मातृभाषा प्रयोग गरेर नै सञ्चार कर्म भइरहेको छ ।

मातृभाषामा गरिने पत्रकारिता वा सञ्चार कर्म नै मातृभाषा पत्रकारिता हो । नेपालका हकमा राष्ट्रको सम्पर्क भाषा नेपाली र अन्तर्राष्ट्रिय सम्पर्क भाषा अङ्ग्रेजीका अलावा अन्य विभिन्न जातीय र भाषिक समुदायले बोल्ने राष्ट्र भाषामा पत्रकारिताको अभ्यास भइरहेको छ । नेपालका लागि मातृभाषा पत्रकारिताका जन्मदाता धर्म्म आदित्य धर्म्माचार्य (धर्मादित्य धर्माचार्य-जगत्मान वैद्य) हुन्, जसले प्रवास भारत कोलकातामा रहेर नेपाल भाषामा नेपाल संवत् १०४५ (विसं १९८१) मा ‘बुद्धधर्म्म व नेपालभाषा (नेपालिज)’ पत्रिका प्रकाशन गरे, जसका प्रकाशकमा नेपाल बुद्धधर्म्म उद्धार सङ्घ थियो ।

धर्माचार्य नै सम्पादक रहेको सो पत्रिका उद्धार सङ्घको धर्म्मप्रचारपत्र तथा बुद्धधर्म, बौद्ध साहित्य र सभ्यता तथा नेपाल भाषा साहित्यमण्डलको मुखपत्र नै थियो । त्यसपछि सत्यमोहन जोशी, आशाराम शाक्य, फत्तेबहादुर सिंह, नवोनाथ झा नवीन, पण्डित सुन्दर झा शास्त्री आदिले नेपालभाषा, मैथिली आदिबाट मातृभाषामा पत्रपत्रिका प्रकाशन गरी मातृभाषा पत्रकारितालाई अगाडि बढाएको इतिहास पाइन्छ । तर मातृभाषामा पत्रकारिता फस्टाउन नसकेको तीतो यथार्थ हामीसामु रहेको छ । मातृभाषामा प्रकाशन भइरहेका सञ्चारमाध्यमको मुख्य समस्य भनेका समाचार सामग्री हो । मातृभाषा बोल्न सजिलो छ । तर मातृभाषा पत्रकारिता गर्न जटिल विषय हो । पत्रकारिता एक प्राविधिक विषय भएकाले जनशक्ति पाउन मुस्किल छ ।

राष्ट्रिय समाचार समिति (रासस)ले विगत ६३ वर्ष अगाडिदेखि नेपाली सञ्चारमाध्यमलाई समाचार सामग्री उपलब्ध गराउँदै आएको छ । तर राससको समाचार पनि नेपाली र अङ्ग्रेजी भाषामा मात्रै सीमित थियो । मातृभाषामा प्रकाशन र प्रसारण भइरहेका सञ्चारमाध्यमलाई राससको सेवाले खासै सहयोग नपुग्दा कतिपय ती सञ्चारमाध्यम बन्द भएका छन् वा बन्द हुने अवस्थामा पुगेका छन् । मातृभाषामा प्रकाशित र प्रसारण भएका सञ्चारमाध्यमको विकास र संरक्षण गर्ने दायित्व राज्यको पनि हो । स्वभावैले रासस राज्यको अङ्ग हो । त्यसैले ती सञ्चारमाध्यमलाई जोगाउँदै मातृभाषाको पत्रकारितालाई विकास गर्न राससले मातृभाषामा समाचार सेवामार्फत सानो प्रयास थलानी गरेको छ । हाल मैथिली, नेपालभाषा र अवधी भाषामा समाचार सेवा दिइरहेको राससको यो प्रयासले सञ्चारमाध्यमलाई बचाउन टेवा पुग्छ भन्ने विश्वास रहेको छ ।

नेपालको संविधान २०७२ ले नेपाल, विविधायुक्त बहुजाति, बहुभाषिक, सांस्कृतिक र बहुधार्मिक देश हो भनेर परिभाषित गरेको छ । संविधानको यही मर्मअनुसार नेपालमा विभिन्न जातजातिको भाषा, संस्कृतिको संरक्षण विकास र उन्नयनमा काम हुँदै आएको छ । संविधानको मर्म र भावनालाई आमसात् गर्ने र त्यसलाई कार्यान्वयन गर्ने दायित्व राज्यका निकायहरुको हो । त्यसैले राससले पनि समावेशी चरित्र भएको नेपाली समाजलाई स्वीकार गरी आफ्नो दायित्व निर्वाह गरिरहेको छ । यही कारण रासस स्थापना भएको ६३ वर्षपछि नयाँ सेवाका रुपमा मातृभाषाको समाचार सेवालाई थप गरेको हो । विसं २०८० माघमा अवधी भाषाबाट सेवा सुरुआत गरेको राससले २०८१ असोज २९ गतेदेखि मैथिली र नेपाल भाषामा समाचार सेवा सुरुआत गरेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा एक सय ४२ जातजाति, एक सय २४ मातृभाषा र १० धर्म रहेका छन् । यी मातृभाषामध्ये एक प्रतिशतभन्दा बढीले बोल्ने भाषा १३ वटा रहेका छन् । मध्यपश्चिम तराईमा बोलिने अवधी भाषा २.९६ प्रतिशत अर्थात् आठ लाख ६४ हजार दुई सय ७६, जनसङ्ख्याले बोल्ने गरेको तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ मा उल्लेख छ । मध्यपूर्वी तराईमा बोलिने मैथिली भाषा ११.०५ प्रतिशत अर्थात् ३२ लाख २२ हजार तीन सय ८९ जनाले बोल्छन् । त्यस्तै, नेपाल भाषा २.९६ प्रतिशत अर्थात आठ लाख ६३ हजार तीन सय ६८ जनाले बोल्छन् । यी तीनवटै भाषामा पत्रपत्रिका र अनलाइन न्युज पोर्टल नियमित सञ्चालनमा छन् । भौगोलिक क्षेत्रअनुसार रेडियो र टेलिभिजनले समेत समाचार र कार्यक्रम सञ्चालन गरिरहेका छन् । सञ्चारमाध्यम सञ्चालनको हिसाले यी तीनवटै भाषामा प्रकाशन हुने सञ्चारमाध्यमको सङ्ख्या पनि धेरै रहेको छ । राससले मातृभाषामा समाचार सम्प्रेषण गरेपछि सम्बद्ध भाषामा प्रकाशन हुने पत्रिका, रेडियो, टेलिभिजन, अनलाइन र अन्य समाचार संस्थालाई सहयोग पुग्न सक्नेछ भन्ने हाम्रो विश्वास रहेको छ । मातृभाषामा समाचारले आम नागरिकलाई प्रभावकारी सूचना प्रवाह गर्न, भाषाको संरक्षण र विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नेछ भन्ने हामीलाई लागेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुनै पनि भाषा ५० प्रतिशतभन्दा बढी बोलिँदैन । नेपाली भाषा सबैभन्दा बढी ४४.८६ ले मात्रै बोल्छन् । यो तथ्यले के भन्न सकिन्छ भने नेपाल अल्पभाषिक समुदायको देश हो । देशको जातीय र भाषिक विविधता छ । त्यसैले सञ्चारमाध्यममा पनि भाषिक विविधता छ । यही कारण राससले सञ्चारमाध्यममा बहुलवादलाई स्वीकार गरी मातृभाषामा समाचार सेवा सञ्चालनमा ल्याएको हो । सञ्चारमाध्यमको विषय र सन्दर्भ मात्रै विविधता छ भन्ने बुझाइलाई फराकिलो बनाउने क्रममा अब सञ्चारमाध्यमको भाषामा पनि विविधता छ भनेर हामीले स्वीकार गरेका हौँ । राससको यो सानो कार्यले नेपाली भाषा नबुझ्ने भाषिक समुदायलाई आफ्नै भाषामा सूचना प्राप्त गर्ने अधिकारको सुनिश्चित गर्नेछ भन्ने हाम्रो निष्कर्ष हो ।

राससले स्थापनाकालदेखि नै सरकार र जनताको पुलको रुपमा काम गरिरहेको यहाँहरु सबैलाई जानकारी नै छ । ६३ वर्ष लामो राससको इतिहासमा विभिन्न कालखण्डमा राससको सेवामा परिमार्जन र परिस्कृत गर्ने कार्यहरु हुँदै आएका छन् । समयानुकूल सेवा क्षेत्रको विस्तार र नयाँ प्रविधिको प्रयोग गरी अविछिन्न रुपमा क्रियाशील रहँदै आएको छ । राज्यको अधिकारिक एक मात्र समाचार एजेन्सीका रुपमा रासस २०१८ फागुन ७ गते निरन्तर क्रियाशील रहेको छ । ‘सूचना र सञ्चार, जनताको अधिकार’ भन्ने मूलमन्त्रअनुसार राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण गरेर राससले अलग्गै पहिचान बनाएको छ ।

आजको ‘डिजिटल’ युगमा आफूलाई समयनुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्न, राससले हरसम्भव प्रयास गरिरहेको छ । राससले आफूले दिने सेवालाई विविधीकरण गर्दै लगेको छ । राससले नेपाली र अङ्ग्रेजी भाषामा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार सेवा, आलेख, विचार, फोटो, भिडियो र अडियो सेवा सञ्चालन गर्दै आएको थियो । पछिल्लोपटक राससले मातृभाषाको समाचार सेवा सुरुआत गरेको छ । राससले आर्थिक वर्ष २०८१/८२ को सरुआतदेखि नै नयाँ योजनासहित कार्य गरिरहेको छ । यसै सन्दर्भमा राससको समाचार सेवाको समयसीमा १७ घण्टाबाट बढाएर २४ घण्टा पुऱ्याएका छौँ । यो कार्य सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तीन महिनाभित्र गर्नुपर्ने काममध्ये एक थियो, जुन कार्य राससले तोकिएकै समयमा २०८१ भदौ १७ गते औपाचारिक शुभारम्भ गरी पूरा गरेको छ । अर्को कार्य भनेको रासस सञ्चारमाध्यम सङ्ग्रहालय हो । रासस कार्यालयको दुईवटा कोठामा, राससले प्रयोग गरेका पुराना सञ्चार सामग्रीहरु र समाचार बुलेटिनसहितको सङ्ग्रहालय सञ्चालनमा ल्याइएको छ ।

राससले आफ्नो सेवालाई विविधीकरण गर्ने क्रममा २०८० पुस २३ गतेदेखि अवधी भाषामा मातृभाषा समाचार सेवा सञ्चालनमा ल्याएको थियो । यो सेवालाई विस्तार गर्ने क्रममा आज मैथिली र नेपाल भाषामा पनि समाचार सेवा शुभारम्भ गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आर्थिक सहयोगमा यो सेवा सुरुआत गरेको हो । यो कार्य पनि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तीन महिनामा गर्नैपर्ने कार्यमध्ये एक थियो । यसरी राससले नेपाल सरकार, सूचना प्रविधि मन्त्रालयको योजनाअनुसार तोकिएकै समयमा काम सम्पन्न गरेको छ । विविधतामा एकता कायम गर्नका लागि राससले सुरुआत गरेको मातृभाषा समाचार सेवाले स्थानीय सञ्चारमाध्यमलाई सहयोग गरी भाषाको संरक्षण गर्न टेवा पुग्ने विश्वास गरिएको छ । पछिल्लो समय नयाँ प्रविधिको विकासले पत्रकारिता गरिरहेका पत्रकार र संस्थालाई चुनौती दिइरहेको अवस्था छ । विश्वस्तरीय समाचार एजेन्सीका रुपमा विकसित गरी विश्वका अन्य समाचार एजेन्सीसँगको प्रतिस्पर्धाका लागि तयार रहनु राससका लागि अपरिहार्य छ । त्यसैले राससलाई यथास्थितिबाट अगाडि बढाउने कार्यमा मातृभाषाको समाचार सेवाले केही योगदान गर्छभन्दा फरक पर्दैन ।

राससको मूल कार्य समाचार सङ्कलन र सम्प्रेषण नै हो । राज्यको आधिकारिक सूचनालाई सञ्चारमाध्यममार्फत जनतासम्म पुऱ्याउने र जनताको विचारलाई राज्यसम्म पुऱ्याउने पुलका रुपमा राससले भूमिका निर्वाह गरिरहेको छ । राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण र प्रचारप्रचार गरी सरकारको मुख्य प्रचार साझेदारका रुपमा राससले पहिचान बनाएको छ । हिजो थोरै सञ्चारमाध्यमका लागि अति आवश्यक रहेको राससको समाचार सेवा आज आएर सबै सञ्चारमाध्यमका लागि अपरिहार्य बनेको छ र बन्दै गएको छ ।

# संस्कृतिभित्र राजनीतिको रोटी सेक्ने प्रवृत्ति गलत : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले संस्कृतिभित्र राजनीतिको रोटी सेक्ने प्रवृत्ति गलत हुने बताउनुभएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा आज 'नेपाल संवत् न्यूदयाँ ११४५ समारोह समिति'ले दिएको ध्यानाकर्षणपत्र बुझ्दै प्रधानमन्त्री ओलीले नेपालको मौलिक संस्कृति र परम्पराभित्र राजनीति घुसाएर भाँडभैलो गर्ने तरिका उचित नहुने बताउनुभयो ।

"राजनीति र अर्थतन्त्र बिग्रिएमा केही वर्षमा माथि उठाउन सकिन्छ । तर संस्कृतिमा अधपतन भएमा यसलाई उठाउन वर्षौं लाग्न सक्छ । यसतर्फ हामी सचेत हुनुपर्छ", इन्द्रजात्राजस्ता पर्वहरुमा भएका कतिपय भड्कावपूर्ण गतिविधिप्रति लक्षित गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो । नेवारी संस्कृतिभित्र आदिवासी, शास्त्रीय र अत्याधुनिक वाद्यवादन तथा विशेष धूनहरु रहेको तथा यसको संरक्षणमा भइरहेका प्रयासको उहाँले प्रशंसा गर्नुभयो । सो अवसरमा समितिका अध्यक्ष एवं पूर्वमन्त्री राजेन्द्र श्रेष्ठले नेपाल संवत्लाई सरकारी कामकाजको भाषाका रुपमा प्रयोगमा ल्याउन २०८० कात्तिक २७ गतेको मन्त्रिपरिषद्बाट भएको निर्णयलाई सबै तह र निकायमा कार्यान्वयनका लागि निर्देशित गर्न माग गर्नुभयो । उहाँले राष्ट्र बैङ्कबाट निष्कासन हुने नोटमा नेपाल संवत्को पनि प्रयोग गर्न र विदेशस्थित नेपाली नियोगहरूमा नेपाल संवत्को नयाँ वर्षमा 'नेपाल डे' मनाउन आग्रह गर्नुभयो । राष्ट्रिय विभूति शखधर साख्वाः प्रतिष्ठानका अध्यक्ष ज्ञानराम श्रेष्ठले सरकारी निकायमा नेपाल संवत्को प्रयोगको अवस्थाबारे अनुगमनको व्यवस्था गर्न सुझाव दिनुभयो । सरकारले २०६५ सालमा साख्वालाई राष्ट्रिय विभूति घोषणा गरेको थियो ।

**राष्ट्रिय विभूति शखधर साख्वाः प्रतिष्ठानका अध्यक्ष ज्ञानराम श्रेष्ठले सरकारी निकायमा नेपाल संवत्को प्रयोगको अवस्थाबारे अनुगमनको व्यवस्था गर्न सुझाव दिनुभयो**

यस वर्षको नेपाल संवत् ११४५ कछलाथ्व पारु यही कात्तिक १७ गते मनाइँदैछ । उक्त दिन बिहान भक्तपुरको मध्यपुर थिमीस्थित साख्वाको प्रतिमामा माल्यार्पण र काठमाडौंको वसन्तपुरमा विशेष कार्यक्रम हुनेछ । समारोह समिति र प्रतिष्ठानले ती कार्यक्रममा प्रधानमन्त्री ओलीलाई प्रमुख आतिथ्यताका लागि निमन्त्रणा दिएको छ । सो अवसरमा पूर्वमन्त्रीहरु कृष्णगोपाल श्रेष्ठ, दिलीप महर्जन, अगुवाहरु हीतकरवीर सिंह कंसाकार, मल्ल के सुन्दर, प्रा नरेशमान बज्राचार्यलगायतको उपस्थिति थियो ।रासस

# खानेपानी मन्त्रालयको सय दिने कार्यप्रगति



काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको सय दिनमा गर्नुभएको प्रगति विवरण सार्वजनिक गर्नुभएको छ ।

मन्त्री यादवले सोमबार यहाँ एक कार्यक्रममार्फत एक सय दिनमा गरेको कार्यप्रगति सार्वजनिक गर्दै मेलम्ची खानेपानी आयोजना सञ्चालन गरी काठमाडौँ उपत्यकामा प्रतिदिन १७ करोड लिटर पानी पथान्तरण गर्न सफल भएको बताउनुभयो । यस वर्षको 'मनसुन' सुरु भएपछि बन्द भएको मेलम्ची खानेपानी आयोजना सञ्चालनका क्रममा आवश्यक मर्मतसम्भारसहित विरोधमा उत्रेका स्थानीय जनतासँग निरन्तर छलफल र समन्वय गरी मेलम्चीको पानी काठमाडौँ ल्याएको उहाँले स्पष्ट गर्नुभएको छ ।

मेलम्चीवासीसहित मुहान क्षेत्रका सरोकारवाला जनताका तर्फबाट विभिन्न माग राखी चरणबद्ध रुपमा आन्दोलन भइरहेको अवस्थामा विरोधमा उत्रेका स्थानीय जनतालाई विश्वासमा लिएर मेलम्चीको पानी ल्याउन सफल भएको मन्त्री यादवले बताउनुभयो ।गत असोज २२ गतेदेखि मेलम्चीको पानी काठमाडौँ उपत्यकामा पथान्तरण तथा वितरण कार्य सुरु भइसकेकाले अब काठमाडौँवासीले खानेपानीको समस्या झेल्नुनपर्ने मन्त्रालयले बताएको छ ।

यसैगरी, काठमाडौँको कोर क्षेत्रअन्तर्गत न्युरोड-ठमेल क्षेत्रमा बिच्छ्याइएको थप ३० किमी पाइपलाइनमा परीक्षणका रुपमा पठाएको पानी वितरण प्रणालीमा समस्या नदेखिएपछि नयाँ पाइप सञ्जालबाट आपूर्ति व्यवस्था मिलाएको तथा ठमेलसहित आसपासका क्षेत्रमा ३४ दशमलव ८९ किमी पाइपलाइनमा समेत परीक्षण कार्य पूरा गरी नियमित रूपमा पानी आपूर्ति गर्न लागेको मन्त्रालयले जनाएको छ ।

मेलम्ची खानेपानी आयोजनाले काठमाडौँ उपत्यकामा अहिलेसम्म एक हजार सात सय किमी पाइप विस्तार गरेको, सो आयोजनामार्फत दैनिक १७ करोड लिटर पानी आपूर्ति हुने गरेको तथा हाल उपत्यकामा ४७ करोड लिटर पानीको माग देखिएको स्पष्ट गरेको छ । खानेपानी मन्त्रालयले गत असोज १० गतेदेखिको बाढीपहिरोका कारण काठमाडौँ उपत्यकामा बिग्रेभत्केका ढलहरुको मर्मतसम्भारसहित व्यवस्थापन गरेको उल्लेख गरेको छ ।

यसैगरी, कीर्तिपुरमा ६० लाख र महाँकालचौरमा ८० लाख लिटर क्षमताको पानीपोखरी निर्माण कार्य गत असोजमा पूरा गरी त्यस क्षेत्रका जनतालाई पानी सुनिश्चित गर्ने काम भएको मन्त्रालयले जनाएको छ । योसँगै कीर्तिपुरमा ६ हजार र महाँकालचौरमा आठ हजार घनमिटर क्षमताको पानीपोखरी तयार भएको छ ।बाढीपहिरोका कारण पानी आपूर्ति व्यवस्था बन्द भएको ललितपुर जिल्लामा खानेपानीको प्रबन्ध गर्ने क्रममा सम्बद्ध क्षेत्रका सङ्घीय तथा प्रदेश सांसद तथा स्थानीय जनप्रतिनिधिहरू समेतको सहयोगमा ललितपुरवासीलाई खानेपानीको व्यवस्था गरेको मन्त्रालयले स्पष्ट गरेको छ ।

त्यस्तै, तीन करोड ७० लाख लिटर क्षमताको धोबीघाट फोहोरपानी प्रशोधन केन्द्रलाई हालैको बाढीले नोक्सान पुर्‍याएपछि प्रशोधन कार्य रोकिएको सन्दर्भमा बीमा कम्पनीबाट क्षतिग्रस्त उपकरणको मूल्याङ्कन गरी क्षतिपूर्तिको व्यवस्थासहित मर्मतसम्भार तथा सञ्चालनको कामलाई द्रुतगतिमा अघि बढाउन दिएको निर्देशनअनुसार काम भइरहेको छ । यसैगरी, बाढीका कारण काठमाडौँ उपत्यकामा बिग्रएका काठमाडौँ उपत्यकामा खानेपानी लिमिटेड (केयुकेएल) का पानी प्रशोधन केन्द्रका उपकरणहरु तत्काल मर्मत गर्नका लागि सम्बन्धित निकायहरुलाई निर्देशन दिनु भई अहिले काम सुरु भइरहेको मन्त्रालयले जनाएको छ ।

ललितपुर जिल्लाको नल्लु, वासुकी, र देवकीस्थित खानेपानी मुहान क्षेत्रमा पुगेर पछिल्लो समय आएको बाढीले खानेपानीको संरचनामा पुर्‍याएको क्षतिको विवरण लिई अवरुद्ध भएको खानेपानी आपूर्ति यथासक्य छिटो सञ्चालन गर्न निर्देशन दिएबमोजिम सम्बद्ध निकायमार्फत द्रुतगतिमा काम भइरहेको पनि मन्त्रालयले जनाएको छ ।काभ्रेको पनौती, बनेपा र धुलिखेल नगरपालिकास्थित मन्त्रालयसम्बद्ध एकीकृत खानेपानी आयोजना, नेपाल खानेपानी संस्थान तथा खानेपानी तथा ढल व्यवस्थापन विभागको परियोजनामा पुर्‍याएको क्षतिको जानकारी लिई मर्मतसम्भारका लागि निर्देशन दिनुभएअनुसार तदारुकताका साथ काम भइरहेको मन्त्रालयले स्पष्ट गरेको छ ।

मन्त्रालयको पहलमा गत महिना भेरी पम्पिङ खानेपानी आयोजना सञ्चालन गर्ने क्रममा चिनियाँ कम्पनीसँग ठेक्का सम्झौता भई संयुक्त रूपमा सर्वेक्षणको कामसमेत सुरु भएकाले कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा खानेपानीको व्यवस्था हुने भएको छ ।

सय दिनको यस अवधिमा जापानी सहयोग नियोग (जाइका) को अनुदान सहयोगमा पोखरा खानेपानी सुधार आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएको खानेपानी मन्त्रालयले जनाएको छ ।रासस

## सरकारको एक सय दिन :

# एक लाख ५० हजार थप किसान सूचीकृत

काठमाण्डु । वर्तमान सरकार गठन भएको एक सय दिनको अवधिमा एक लाख ५० हजार थप किसान सूचीकृत भएका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार हालसम्म सूचीकृत हुने कृषकको संख्या १९ लाख ३३ हजार पुगेको छ ।

किसान परिचयपत्र वितरणका लागि कार्यविधि स्वीकृतिको प्रक्रियामा रहेको मन्त्रालयले तयार पारेको एक सयदिने प्रगति विवरणमा उल्लेख गराउन मधेस प्रदेशका आठ जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा भई कृषकलाई भुक्तानी गरिएको छ । बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ स्वीकृत भई कार्यान्वयनमा रहेको छ । यस अवधिमा पशुधन बीमातर्फ ३७ हजार ६ सय ११ र बाली बीमातर्फ तीन सय २३ बीमालेख जारी भएको छ ।

मन्त्रालयस्तरको समितिबाट सहमति प्रदान गरिएको र




छ । चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेटबाट रासायनिक मल आयात गरी बिक्री वितरण गर्न हालसम्म चार लाख ६० हजार 'मेट्रिक टन' मलको 'टेन्डर' सम्पन्न भएको छ । जसमा एक लाख ५५ हजार मेट्रिक टन रासायनिक मल आयात भएको छ । अघिल्लो वर्षको मौज्दातसमेत गरी एक लाख २९ हजार मेट्रिक टन मल बिक्री वितरण भइसकेको छ ।अनुदानको मल बिक्री वितरण प्रक्रियाको सरलीकरणका लागि व्यवस्थापन निर्देशिका, २०७७ को संशोधन प्रस्ताव सहमतिका लागि अर्थ मन्त्रालय तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने तयारी भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

उखु उत्पादक कृषकलाई उखु बिक्री गरी क्रसिङ गराएबापत प्रतिक्विन्टल रु ७० का दरले गत आर्थिक वर्ष २०८१/८२ को रु एक अर्ब ४४ करोड ९२ लाख ३८ हजार प्रोत्साहन अनुदान रकम उपलब्ध विभागहरुबाट प्राधिकरणको खातामा निकासा भइसकेको छ । खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न दुई हजार सात सय ४६ बजार अनुगमन तथा निरीक्षण गरिएको मन्त्रालयले जनाएको छ । भन्सार नाकामा आयात हुने फलफूल तथा तरकारीको १३ हजार ६१ नमूनामा यन्त्र प्रयोग गरी विषादी अवशेष परीक्षण गरिएको छ ।

गत असोज ९ गते कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले गर्नुभएको मन्त्रिस्तरीय निर्णयअनुसार दुग्ध विकास संस्थानको पुनर्संरचना एवं व्यावसायिक सुधारको कार्ययोजना बनाउन राष्ट्रिय किसान आयोगका सदस्यसचिवको संयोजकत्वमा आठ सदस्यीय कार्यदल गठन गरी कार्ययोजना तयार भएको छ । नेपाल सरकारले रु ६० करोड सहुलियत पूर्ण कर्जा प्रवाह गरी अधिकांश कृषकको जेठ मसान्तसम्मको दूधको भुक्तानी गरिएको मन्त्रालयले जनाएको छ ।रासस

# शून्य कार्बन स्कुलको अवधारणा कार्यान्वयन

काठमाण्डु । विद्यालय तहका विद्यार्थीलाई लक्षित गरी जापानको शिक्षा मन्त्रालय र नागोया साङ्ग्यो विश्वविद्यालयद्वारा जलवायु परिवतर्नको सामना गर्न वातावरणीय साक्षरतालाई बढावा दिने र मूल्याङ्कन गर्ने शैक्षिक कार्यक्रम सञ्चालन गरिएको छ ।

जापानको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (एडिपोर्ट जापान) अन्तर्गत नागोया साङ्ग्यो विश्वविद्यालय र पोखरास्थित पश्चिमाञ्चल विद्यालयबीच वायुमण्डलमा फैलिएको कार्बन डाइअक्साइडको अवस्था र वातावरणसम्बन्धी साक्षरता फैलाउने कार्यक्रमको समझदारीपत्रमा सम्झौता भएको छ ।

नेपालमा पहिलो पटक सञ्चालन भएको यो कार्यक्रम ताइवान, भियतनाम, इन्डोनेसिया र जापानका विभिन्न विद्यालयमा पनि कार्यान्वयनमा रहेको छ । यस कार्यक्रमले विद्यार्थीलाई वातावरणसम्बन्धी ज्ञानका साथै विश्वव्यापी रुपमा मुख्य चुनौतीको रुपमा रहेको जलवायु परिवर्तनका कारण सिर्जित असर, कार्बन डाइअक्साइडमा भएको वृद्धिलगायतका विषयमा प्रयोगात्मक तरिकाबाट बुझाउन मद्दत गराउँछ । साथै, विद्यार्थीमा परिवतर्नका असर सामना गर्न र वातावरणीय साक्षरतालाई अभिवृद्धि गर्न सहयोग पुग्ने बताइएको छ ।

गण्डकी, बागमती र लुम्बिनी प्रदेशका पाँच जिल्ला कास्की, रूपन्देही, भक्तपुर, ललितपुर र बर्दियामा सञ्चालन गरिएको छ । गण्डकी प्रदेशमा पश्चिमाञ्चल माध्यमिक विद्यालय, अमरसिंह मावि, गण्डकी बोर्डिङ स्कुल, बागमतीमा एसओएस हेर्मन माइनर माध्यामिक विद्यालय सानोठिमी, युनाइटेड एकेडमी र लुम्बिनीमा शङ्करनगर दुर्गादत्त माध्यामिक विद्यालय र जनता माध्यामिक विद्यालयमा यो कार्यक्रम लागू भएको छ ।

सम्झौता हस्ताक्षरपछि पश्चिमाञ्चल



विद्यालयका प्राचार्य सरोज कोइरालाले नेपालमै पहिलो पटक जापान सरकारको प्रत्यक्ष सहभागितामा भएको कार्यक्रममा आफ्नो विद्यालयले सहभागी हुन पाउँदा खुसी लागेको र यसले विद्यार्थीको वातावरणप्रतिको सचेतना अझ बढ्ने मद्दत पुग्ने बताउनुभयो । प्रयोगात्मक विधिबाट गरिने अध्ययनबाट विद्यार्थीले रुख, बिरुवा भएको ठाउँ, घना बस्तीबीचको कार्बनडाइअक्साइडको मात्रामा रहेको फरकबारे जानकारी पाउने उहाँको भनाइ छ ।

यसैबीच संयुक्त राष्ट्र सङ्घले विश्वका देशलाई विद्यालयमा जलवायु परिवर्तनसम्बन्धी विषयलाई अनिवार्य बनाउन आह्वान गरेअनुसार नेपालमा पनि नमूनाको रुपमा केही विद्यालय छनोट गरी कार्यक्रम सञ्चालन गरिएको नागोया साङ्ग्यो विद्यालयमा विद्यावारीधि गरिरहनुभएका सन्जोक पौडेलले बताउनुभयो । अनुसन्धानको क्रममा आफूले जापानका तीनवटा प्रान्तमा वायुमण्डलमा भएको कार्बनडाईअक्साइडको मात्राको अध्ययन गरी मौसम अनुसारको हुने परिवर्तन, हावाको गतिको असर तथा जैविक वातावरणमा कार्बनडाईअक्साइडको एकाग्रताको मापन गरी मौसम विज्ञान घटनाको प्रभावमा गरिरहेको अनुसन्धान नेपालका लागि उपयोगी हुने बताउनुभयो ।

उहाँकै पहलमा देशका विभिन्न विद्यालयमा वातावरणीय शिक्षाअन्तर्गत शून्य कार्बन स्कुलको अवधारणा पहिलो पटक रूपन्देहीको तिलोत्तमा नगरपालिकास्थित शङ्करनगर दुगार्दत्त माद्यामिक विद्यालयमा सञ्चालन गरिएको छ । शून्य कार्बन स्कुलको अवधारणाको शुभारम्भ गर्दै जापानका प्राडा इतोउ मासाकाजुले कार्बन तटस्थताको सम्भावना र कठिनाइहरूको जानकारी बालबालिकाको लागि निकै उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा विद्यालयका प्रधानाध्यापक चण्ड पाण्डेले जलवायु परिवर्तनको प्रभाव बढ्दै गएको अवस्थामा विद्यार्थीलाई विद्यालय तहदेखि नै जिरो कार्बन अवधारणाका बारेमा जानकारी गराउनु निकै उपयोगी रहेको बताउनुभयो ।रासस

# नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययनका लागि उच्चस्तरीय समिति गठन

काठमाण्डु । सरकारले नेपालको नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययनका लागि उच्चस्तरीय समिति गठन गरेको छ ।

मन्त्रिपरिषद्को यही कात्तिक २ गतेको बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हाको अध्यक्षतामा एक उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गर्ने निर्णय गरेको हो । नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययन र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव सहसचिव रहनुभएको छ ।मन्त्रालयका सहसचिव एवं प्रवक्ता रामकृष्ण लामिछानले मुलुकको हवाई उड्डयन क्षेत्रको समग्र सुधार गर्न, उड्डन सुरक्षाको अभिवृद्धि गर्दै नेपाली आकाश सुरक्षित रहेको सन्देश दिन के कस्ता काम गर्नुपर्छ भनेर सुझाव दिन उक्त उच्चस्तरीय समिति गठन गरिएको बताउनुभयो ।

उहाँका अनुसार समितिका पदाधिकारीलाई



विश्लेषण गरी सुरक्षित, भरपर्दो र विश्वसनीय नागरिक उड्डयन प्रणालीको विकास गर्न समितिको गठन भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ ।


समितिको सदस्यहरुमा हवाई व्यवस्थापन विज्ञ राजेन्द्रबहादुर सिंह, हवाई सुरक्षा विज्ञ भेषराज सुवेदी, हवाई सेवा सञ्चालन तथा गुणस्तर व्यवस्थापन विज्ञ क्याप्टेन रिवाजप्रसाद प्रधान पर्यटन मन्त्रालयले आज नियुक्तिपत्रसहित जिम्मेवारी प्रदान गरेको छ । छिट्टै कार्य प्रारम्भ गर्नेगरी पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले समितिलाई जिम्मेवारी प्रदान गर्नुभएको हो । प्रवक्ता लामिछानेले नागरिक उड्डयन क्षेत्रको समग्र सुधारका लागि पुराना सम्पूर्ण सुझाव र सिफारिसलाई एकमुष्ट कार्यान्वयनका लागि सिफारिस गर्ने समितिलाई जिम्मेवारी रहेको उल्लेख गर्नुभयो ।रासस

# "भूकम्प प्रभावित जिल्लाहरूमा सरकारी संरचना निर्माण कार्य छिट्टै सुरु हुन्छ"

काँक्रेविहार । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भूकम्प प्रभावित जिल्लाहरूमा सरकारी संरचना निर्माण कार्य छिट्टै सुरु गरिने बताउनुभयो ।

सोमबार जाजरकोट सदरमुकाममा भएको पत्रकार भेटघाटमा उहाँले परिवर्तित परिस्थितिमा जनताले नयाँ किसिमको कार्यसम्पादन खोजिरहेकाले जिम्मेवारी सम्हाल्ने सबैले जनताको चाहना बुझेर काम गर्नसमेत आग्रह गनुभयो ।

मुख्यमन्त्री कँडेलले सरकारले योजनाको लागि बजेट विनियोजन गर्ने तर कार्यान्वयन नगर्ने परिपाटी अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । उहाँले गत कात्तिक १७ गते गएको जाजरकोटलगायत क्षेत्रमा भूकम्पमा परेर क्षति भएका सरकारी संरचना प्रदेश सरकारले बनाउने र त्यसका लागि बजेट विनियोजन गरिएको बताउनुभयो । "उक्त बजेट कार्यान्वयन गर्नका लागि कार्यविधि निर्माण भइसकेको छ । अब काममा आलटाल नगरौँ", मुख्यमन्त्री कँडेलले भन्नुभयो,"भूकम्पबाट प्रभावित भएका विद्यालय र स्वास्थ्य चौकी पुनर्निर्माणका लागि प्रदेश सरकारले विनियोजन गरेको रु ५० करोड रुपैयाँ परिचालनका लागि



विद्यालय छनोट जारी छ ।"

विनियोजन गरिएको रकममध्ये रु २५ करोड जाजरकोट र रु तीन करोड रुकुम पश्चिमका लागि रहेकाले यसै आर्थिक वर्षमा सम्पन्न गर्नेगरी भूकम्पबाट क्षतिग्रस्त विद्यालय र स्वास्थ्य चौकीको भवन निर्माण गरिने उहाँको भनाइ छ । यसैगरी कर्णालीको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा स्रोतको वृद्धि कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिने र प्रदेश सरकारले अगाडि बढाएका योजनाहरूमा भुक्तानीका लागि कुनै समस्या हुन नदिने गरी काम गर्ने मुख्यमन्त्री कँडेलको भनाइ छ । "प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट कात्तिकसम्म सबै योजनाहरूको ठेक्का आह्वानदेखि सम्झौता गरिसक्न सबैलाई निर्देशन दिइसकिएको छ । निर्णयका लागि मात्रै निर्णय गर्ने परिपाटीको अन्त्य गर्न र प्रदेशसभाले पारित गरेका नीति, कार्यक्रम तथा बजेट प्रभावकारी कार्यान्वयको तहमा लैजानका लागि कर्मचारीको भूमिका महत्वपूर्ण छ । योजना कार्यान्वयनमा कुनै विवाद देखिएको अवस्थामा स्थानीय तहसँग समन्वय गरी अगाडि बढ्न आग्रह छ", उहाँले भन्नुभयो । रासस

# लेबननभरि इजरेली हवाई आक्रमण, निसानामा 'हिज्बुल्लाहका ब्याङ्क'

बीबीसी

काठमाण्डु । हिज्बुल्लाह समूहलाई सहयोग उपल्बध गराएको आरोप लागेका ब्याङ्कहरूलाई लक्षित गर्दै इजरेलले दक्षिणी लेबनन र बेइरुतमा थप हवाई आक्रमण गरेको छादक्षिणी लेबननस्थित हिज्बुल्लाहको नियन्त्रणमा रहेका दाहिअ क्षेत्र र बेका उपत्यकामा विस्फोटन भएको सुनिएको छ। त्यहाँ मानिसहरू हताहत भए नभएको स्पष्ट हुन बाँकी छ।



इजरेली सेनाले बेइरुतका १४ स्थानसहित लेबननका विभिन्न २० वटा क्षेत्रमा बसोबास गरिरहेका मानिसहरूलाई रातभरि आक्रमण हुने चेतावनी दिएको थियो। इजरेली सेनाले हिज्बुल्लाहलाई सहयोग पुऱ्याइरहेका ब्याङ्क र अन्य वित्तीय पूर्वाधारहरूमा आक्रमण गरिने जनाएको थियो। आईडीएफका प्रवक्ता ड्यानिअल हगारीले आइतवार साँझ एउटा विज्ञप्ति जारी गर्दै "हिज्बुल्लाहको आतङ्क फैलाउने गतिविधिलाई आर्थिक सहयोग गरिरहेका क्षेत्रमा रहेकाहरूलाई तत्कालै त्यहाँबाट बाहिर जान" भनेका थिए।"हामी केही घण्टामै कैयौँ स्थानमा आक्रमण गर्दै छौँ र रातभरिमा अरू स्थानमा पनि आक्रमण गर्ने छौँ," उनले भनेका थिए।

उनले गैरसैनिक सङ्घसंस्था तथा गैरसरकारी संस्थाको माध्यमबाट इरानले हिज्बुल्लाहलाई आर्थिक सहयोग उपलब्ध गराएको खुलासा आफूहरूले गर्न लागेको बताए। लेबननको सरकारी समाचारसंस्था एनएनएले पूर्वी बेका उपत्यकासहितका स्थानमा अल-कार्द अल-हसन ब्याङ्कका केही शाखाहरूमा आक्रमण भएको जनाएको छाबेइरुतस्थित रफिक हरारी अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको ब्याङ्कको शाखामा पनि इजरेलले आक्रमण गरेको विवरण आएको छ। विमानस्थलनजिकै विस्फोट भएको स्थानबाट धूवाँ उडिरहेको भिडिओ सार्वजनिक भएको छालेबननमा उक्त ब्याङ्कका ३० भन्दा धेरै शाखा छन्। तीमध्ये १५ वटा बेइरुतमा घना बस्ती भएका स्थानमा रहेको समाचारसंस्था रोएटर्सले जनाएको छ।

इजरेलले उक्त ब्याङ्कले हिज्बुल्लाहलाई आर्थिक सहयोग गरेको आरोप लगाएको छ। अमेरिकाले पनि हिज्बुल्लाहले आफ्नो वित्त व्यवस्थापनका लागि उक्त ब्याङ्क प्रयोग गरेको दाबी गर्दै आएको छ। हिज्बुल्लाहले इजरेली सैन्य शिविरहरूलाई लक्षित गर्दै थप रकेट प्रहार गरिएको जनाएको छ। सो समूहले दक्षिणी लेबननमा इजरेली सैनिकहरूमाथि आफूले आक्रमण गरेको दाबी गरेको छाइजरेली सेनाले आइतवार साँझ विगत २४ घण्टामा उत्तरी इजरेलमा दर्जनौँ रकेट प्रहार गरिएको जनाएको थियो।इजरेली सेनाका अनुसार लडाकु विमानहरूले हिज्बुल्लाहको गुप्तचर कार्यालयको मुख्यालय र बेइरुतस्थित भूमिगत अस्त्र मर्मत केन्द्रमा पनि आक्रमण गरेका छन्।

इजरेलले सर्वसाधारण मानिसमा हुने क्षति कम गर्न यथासम्भव प्रयास गरिएको दाबी गरेको छ। यद्यपि हिज्बुल्लाह र लेबननका अधिकारीहरूले इजरेलमाथि सर्वसाधारण मानिसलाई निसाना बनाएर आक्रमण गरिरहेको आरोप लगाउँदै आएका छन्। इजरेलले भने ती आरोपको खण्डन गर्दै आएको छ। लेबननमा शान्ति कायम गर्न खटिएको संयुक्त राष्ट्रसङ्घीय मिशन यूनिफिलले इजरेली सेनाले नियोजित रूपमा आफ्नो निगरानी टावर र कार्यालय परिसरको पर्खाल ध्वस्त बनाइदिएको आरोप लगाएको छ। इजरेलसँग सीमा जोडिएको दक्षिणी लेबननको मार्वाहिन सहरमा भएको पछिल्लो घटनाअघि पनि गत साता यस्तै आक्रमणहरू भएका थिए।

"हामी फेरि पनि भन्न चाहन्छौँ कि राष्ट्रसङ्घ तैनाथ रहेको स्थानमा प्रवेश गर्नु र राष्ट्रसङ्घका संरचना माग्नु अन्तर्राष्ट्रिय कानुन र सुरक्षा परिषद्को प्रस्ताव १७०१ को स्पष्ट उल्लङ्घन हो," यूनिफिलले एउटा विज्ञप्तिमा भनेको छालेबननको सेनाले आफ्ना तीन सैनिकहरू इजरेली हवाई आक्रमणमा मारिएको जनाएको छाइजरेलले भने दुवै घटनामा कुनै टिप्पणी गरेको छैन। इजरेलले र हिज्बुल्लाहबीच चर्किएको लडाइँमा लेबननको राष्ट्रिय सेना सहभागी भएको छैन। तर गत महिना दुई पक्षबीच तनाव चुलिएपछि कैयौँ लेबननी सैनिकहरूको पनि मृत्यु भएको छ।

लेबननमा सक्रिय उक्त शक्तिशाली लडाकु समूहले गाजामा हमासमाथि इजरेलबाट भइरहेको आक्रमणको बदलामा इजरेली सैनिक इलाकाहरूमा आफूले हमला गर्ने गरेको बताउँदै आएको थियो। हिज्बुल्लाह र हमास दुवै समूहलाई इरानले समर्थन गर्दै आएको छालेबननका अधिकारीहरूले गत वर्ष २,४०० भन्दा बढी मानिसको सङ्घर्षमा परेर मृत्यु भएको आकलन गरेका छन्। सो अवधिमा उत्तरी इजरेल र अधीनस्थ गोलन हाइट्समा ५९ जना मारिएको इजरेलले जनाएको छ।

# नेपालद्वारा अमेरिकाविरुद्धको तीन टी-२० शृंखला 'क्लिन स्विप'



बीबीसी

काठमाण्डु । नेपाली राष्ट्रिय क्रिकेट टोलीले लगातार लय समाउँदै अमेरिकाविरुद्धको तीन टी-२० शृंखला 'क्लिन स्विप' गरेको छ।

नेपालले शृंखलाको अन्तिम खेल आठ बल बाँकी छँदै आठ विकेटले जित हासिल गरेको हो। यो अमेरिकाविरुद्ध नेपालको पहिलो क्लिन स्वीप हो।पछिल्लो समय लगातार खराब समयबाट गुज्रिरहेका बेला नेपाली टोलीले यो जित प्राप्त गरेको हो।स्थानीय समय अनुसार आइतवार राति ड्यालसको ग्रान्ड प्रेरी मैदानमा खेलिएको शृंखलाको अन्तिम खेलमा नेपालले पहिलो ब्याटिङ रोजेको अमेरिकालाई १५६ रनमा रोक्यो। र जबाफमा स्तरीय ब्याटिङ प्रस्तुत गर्दै नेपालले १८.४ ओभरमा लक्ष्य पूरा गऱ्यो।

यसअघि नेपालले पहिलो खेलमा १७ रन तथा दोस्रो खेल सुपर ओभरमा जितेको थियो ।

आगामी शुक्रवारबाट ड्यालसको यही मैदानमा आइसीसी विश्वकप लीग २ को खेल हुँदैछ। जहाँ नेपाल, अमेरिका र स्कटल्यान्ड खेल्दैछन्। नेपालको जितमा बलिङ्तर्फ फेरि एकपटक सोमपाल कामी नायक बने भने ब्याटिङमा आशिफ शेखको अर्धशतकसहित कुशल भुर्तेल र कुशल मल्लको योगदान महत्त्वपूर्ण रह्यो।

**ब्याटर हाबी**

अमेरिकाको इनिङ्समा साइतेजा मुक्कामलको ६८ रनको इनिङ्स मुख्य थियो।उनलाई आउट गरेका सोमपाल कामीले तीन विकेट लिँदै विपक्षीलाई रोक्ने काम गरे।नेपालको इनिङ्स सुरुदेखि नै बलियो रह्यो।पावर प्लेमा नेपालले ५४ रन बनाउन सफल भयो । सो क्रममा ओपनरद्वय आशिफ शेख र अनिल मल्लले ३८ बल खेले। अनिल १२ रनमा आउट भएपछि आशिफले निरन्तर राम्रो ब्याटिङ गर्दै अर्धशतक पूरा गरे। उनन्चालीस बल खेल्ने क्रममा ५ चौका र २ छक्का प्रहार गरेका आशिफ अर्धशतक बनाए लगत्तै आउट हुन पुगेका थिए। आशिफ पछि इनिङ अगाडि बढाउने क्रममा कुशल भुर्तेलले ४० तथा कुशल मल्लले ४४ रन बनाएका थिए।जित पछि प्लेअर अफ द म्याच भएका आशिफ शेखले भने, "मलाई खुसी छ की विश्वकप लीग-२ अगाडि हामीले यो शृंखला जितेका छौँ। यसले हामीमा आत्मबल बढेको छ।"

कप्तान रोहित पौडेलले भने, " क्यानडामा हामीले राम्रो गर्न सकेका थिएनौँ। यो जितले हामीलाई खेलमा फर्काउन सहयोग गरेको छ। यो जितले हामीलाई जति मनोबल बढेको छ, त्यसलाई विश्वकपमा पनि निरन्तरता दिने प्रयास गर्नेछु। " विश्वकप लीग-२ पचास ओभरको एकदिवसीय क्रिकेट हो।आठ राष्ट्र सम्मिलित उक्त प्रतियोगितामा अमेरिका बलियो अवस्थामा छ भने नेपालको स्थिति कमजोर छाअमेरिकाले ८ खेलबाट १२ अङ्क जोड्दै तालिकाको दोस्रो स्थानमा छ। नेपालले पनि त्यति नै खेल खेलेको छातर मात्र एक जित र वर्षाका कारण खेल नहुँदा प्राप्त १ अङ्क गरी जम्मा ३ अङ्क बटुलेको नेपाल सातौँ स्थानमा छ।

नेपालभन्दा तल यूएई छ। जसको २ अङ्क छ। महत्त्वपूर्ण के छ भने उक्त तालिकामा शीर्ष चार स्थानमा रहन सफल टोलीले एकदिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) मान्यता जोगाउनेछ भने अन्तिम दुई स्थानमा पर्ने टोली दोस्रो डिभिजनमा झर्नेछायस अवस्थामा नेपालको लागि अर्को हप्ताबाट सुरु हुने चार खेल निकै महत्त्वपूर्ण देखिन्छाक्यानडामा भएको लीग २ मा एक खेल पनि जित्न नसकेर अमेरिका आएको टोलीलाई अमेरिकासँग पाएको यो जितले मनोबल थपिने आशा गर्न सकिन्छालीग २ मा नेपाले अमेरिकासँग २ तथा स्कटल्यान्डसँग २ खेल खेल्नेछ। विश्वकप लीग-२ मा नेपाली टोली खराब अवस्थामा छ।

क्यानडामा खेलेका चारमध्ये तीन खेलमा नेपाल लगातार पराजित भएको थियो। एक खेल वर्षाको कारण अवरुद्ध हुँदा नेपालले कम्तीमा १ अङ्क पाएको थियो।लीग-२ मा सहभागी ८ राष्ट्रमा नेपाल अहिले सातौँ स्थानमा खुम्चिएको छ। नेपालको जम्मा ३ अङ्क छ भने पुछारमा रहेको यूएईको २ अङ्क छायस्तोमा लीगमा स्थितिमा सुधार ल्याउनका लागि अर्को साताबाट सुरु हुने चार खेल नेपालको लागि निकै महत्त्वपूर्ण देखिएको छ। पछिल्लो लगातार पराजयपछि अमेरिकाविरुद्ध पाएको यो विजयले नेपाली खेलाडीहरूमा मनोबल बढाउनेछ।

यद्यपि लीग-२ को खेल ५० ओभरको एक दिवसीय ढाँचाको हो भने हाल नेपालले २० ओभरको शृंखला खेलिरहेको छाखेल भइरहेको ग्रान्ड प्रेरी रङ्गशाला त्यही मैदान हो जहाँ नेपालले टी-२० विश्वकप खेलेको थियो।त्यतिबेला रङ्गशालामा उपस्थित नेपाली समर्थकका कारण नेपालको चर्चा चुलिएको थियो। लीग-२ मा पनि नेपालले समर्थकहरूको साथ पाउने देखिएको छ।

# गाजाका एक हजार महिला र बालबालिकालाई तत्काल यूरोप स्थानान्तरण गरिने : डब्ल्यूएचओ

एएफपी

कोपेनहेगन । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को युरोप शाखाका प्रमुखले गाजाबाट एक हजार महिला तथा बालबालिकालाई चाँडै नै युरोप ल्याइने बताउनुभएको छ ।

युद्धले तहसनहस भएको प्यालेस्टाइनी भूभागलाई घेरेको इजरायलले आगामी केही महिनाभित्र थप एक हजार चिकित्सकीय उद्धारका लागि युरोपेली सङ्घलाई सहयोग गर्न प्रतिबद्ध रहेको हान्स क्लुजले एएफपीलाई दिएको अन्तर्वार्तामा बताउनुभएको छ ।

उहाँले संयुक्त राष्ट्रसङ्घको स्वास्थ्य निकाय डब्लुएचओ र यसमा संलग्न युरोपेली मुलुकले उद्धारमा सहजीकरण गर्ने बताउनुभयो । बिहीबार संयुक्त राष्ट्रसङ्घका अनुसन्धानकर्ताहरूले इजरायलले गाजाका स्वास्थ्य संस्थाहरूलाई जानाजानी निशाना बनाएको र त्यहाँका स्वास्थ्यकर्मीहरूको हत्या र यातना दिइरहेको आरोप लगाएका थिए।

क ब ज ा गरिएका प्यालेस्टाइनी क्षेत्रहरूमा डब्ल्यूएचओका प्रतिनिधि रिक पिपरकोर्नले मे महिनामा गाजाबाट लगभग १० हजार मानिसलाई तत्काल चिकित्सा सेवाको लागि बाहिर निकाल्नु आवश्यक रहेको बताएका थिए।सन् २०२३ को अक्टोबरमा गाजामा युद्ध सुरु भएयता विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) युरोपले गाजाबाट युरोपका सात वटा देशमा ६०० चिकित्सकीय उद्धारको व्यवस्था गरिसकेको छ ।

क्लुजले भन्नुभयो, "यदि हामीले वार्ता (खुला) नराखेको भए यो कहिल्यै हुने थिएन।""युक्रेनका लागि पनि यही कुरा सत्य हो," उहाँले भन्नुभयो। "म सबै साझेदारहरूसँग संवाद (खुला) राखिरहेको छु । "अहिले युक्रेनको कब्जामा रहेको क्षेत्र डोनबासमा १५ हजार एचआइभी एड्सका बिरामीले एचआइभी एड्सको औषधि लिइरहेका छन्," स्वास्थ्यलाई राजनीतिकरण नगर्नुको महत्वमा जोड दिँदै ५५ वर्षीय बेल्जियनले भन्नुभयो ।

"सबैभन्दा महत्वपूर्ण औषधि शान्तिहो"उहाँलेभन्नुभयो,"द्वन्द्वग्रस्त क्षेत्रमा स्वास्थ्यकर्मीलाई काम गर्न दिनुपरेको छ।"डब्लुएचओका अनुसार फेब्रुअरी २०२२ मा रूसले आक्रमण गरेयता युक्रेनका स्वास्थ्य केन्द्रहरूमा करिब दुई हजार आक्रमणहरू दर्ता भएका छन्।उहाँले भन्नुभयो, "एक प्रकारको स्वीकार्यता हुन सक्छ तर यसले हरेक पटक आक्रोश पैदा गर्छ।""हामी यसको कडा शब्दमा भर्त्सना गरिरहनेछौं। "क्लुजले युक्रेनमा तेस्रो पटक हुने युद्धको पूर्वसन्ध्यामा चिन्ता व्यक्त गर्नुभएको छ ।

उहाँले भन्नुभयो, "नागरिक ऊर्जा ग्रिडको ८० प्रतिशत क्षतिग्रस्त वा नष्ट भएको छ। अस्पतालहरूमा सर्जनहरूले आफ्नो टाउकोमा बत्ती राखेर काम गरिरहेको हामीले देख्यौं, सर्जनहरूले आफ्नो टाउकोमा बत्ती राखेर काम गरिरहेका थिए।""यो जाडो समय बत्तिको अभावमा निकै कठिन हुनेछ," उहाँले भन्नुभयो ।

युरोपको स्वास्थ्य सेवा प्रणालीमा तनाव भएपनि डब्ल्यूएचओको युरोपेली क्षेत्रमा मध्य एसियाली देशहरू पनि सामेल छन् । यहाँका ५३ देशहरू भविष्यको महामारीको तयारीका लागि एकसाथ आउन तयार रहेको उहाँले बताउनुभयो ।

# रिसोर्टमा भएको अपहरणमा संलग्न १७ लडाकूलाई आजीवन कारावासको सजाय

एएफपी

मनिला । करिब २५ वर्षअघि मलेसियामा विदेशी र फिलिपिनो नागरिकको अपहरण गरेको अभियोगमा इस्लामिक स्टेटसम्बद्ध लडाकू समूहका १७ सदस्यलाई आजीवन कारावासको सजाय सुनाइएको फिलिपिन्सको न्याय विभागले सोमबार जनाएको छ।

सन् २००० को अप्रिलमा इस्लामिक अतिवादी समूह अबु सयैफका सदस्यहरूले मलेसियाको सिपादान टापुमा रहेको एक होलिडे रिसोर्टबाट २१ जनालाई देखाएर अपहरण गरेका थिए।मनिलाबाट करिब



९५५ किलोमिटर दक्षिणमा पर्ने जोलोको जङ्गलमा बन्धक बनाइएका ती बन्धकहरूले लाखौं डलर फिरौती नदिँदासम्म महिनौँसम्म कैद भोगेका थिए।

यसरी बन्धक बनाइएकाहरूमा फिलिपिन्स, फिनल्याण्ड, फ्रान्स, जर्मनी, लेबनान, मलेसिया र दक्षिण अफ्रिकाका नागरिक रहेका थिए ।

न्याय विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यो सजाय विधिको शासन कायम राख्न न्याय विभागको अटुट प्रयासको प्रतिबिम्ब हो। गत अक्टोबर १६ मा अपहरण र फिरौतीसहित गम्भीर गैरकानुनी थुनामा राखेको अभियोगमा १७ जना अभियुक्त दोषी ठहरिएका थिए । एएफपीले प्राप्त गरेको १५७ पृष्ठ लामो निर्णयमा सबैलाई प्रत्येक अभियोगमा आजीवन कारावासको सजाय सुनाइएको उल्लेख छ ।

दोषी ठहरिएका दुई जना हिलारीयन डेल रोसारियो सान्तोस तृतीय र रेडेन्डो केन डेलोसा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को प्रतिबन्ध सूचीमा परेका छन् ।सन् २००८ मा सान्तोस र डेलोसालाई अलकायदा र ओसामा बिन लादेनसँग 'सम्बन्ध' र आइएससँग सम्बन्धित लडाकू समूह अबु सयैयफ, जेमाह इस्लामियाह र राजा सोलेमान मुभमेन्टको कारबाहीमा सहभागी भएको आरोप काउन्सिलले लगाएको थियो ।

सन् २०२० मा अपहरणको घटना भएदेखि नै अपहरणकारीलाई आतङ्कवादको अभियोग लगाउन नमिल्ने र देशमा यस्तो कानुन लागू हुनुभन्दा पहिले नै को घटनाका अपहरणकारीलाई आतङ्कवादको अभियोग लगाउन नमिल्ने बताइएको छ ।अभियुक्तहरूलाई २१ जना पीडितहरूलाई नागरिक क्षतिपूर्ति, नैतिक र अनुकरणीय क्षतिको लागि करिब पाँच हजार २२८ अमेरिकी डलर तिर्न आदेश दिइएको थियो।

# दिल्लीको वायु गुणस्तर खराब स्तरमा

एएनआई

नयाँदिल्ली । भारतको राजधानी नयाँदिल्लीमा सोमबारको वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) ३४९ मा झरेको छ ।

चीसोमा मौसम, पूराना गाडीहरूबाट निस्केको धुवाँ र धुलोका कारण राजधानीको वायु प्रदुषणलाई ढाकेका वायुको गुणस्तरमा वर्गीकृत भएको छ । पछि धुवाँले राजधानीलाई ढाकेको छ ।

केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डका अनुसार राजधानीको शकुरपुर र वरपरका क्षेत्रमा प्रदूषणको तह 'अति खराब' अर्थात् एक्यूआई ३४६ रेकर्ड गरिएको थियो। इन्डिया गेट नजिकैका वरपरका क्षेत्रहरूमा एक्यूआईको तह ३०९ रेकर्ड गरिएको छ भने सफदरजङ्गमा ३०७ रेकर्ड गरिएको छ । यो तहले वायुको खराब गुणस्तरलाई चिन्हित गर्छ । यसैबीच, भारतका नदीहरूमा प्रदूषणको स्तर बढ्दै जाँदा यमुना नदीमा विषाक्त फोम तैरिरहेको देखिएको जनाइएको छ ।

वातावरणविद् विमलेन्दु के झाले यस घटनालाई दिल्लीको वातावरण मैन्त्री शासनको पूर्ण उपहासको रुपमा व्याख्या गर्नुभएको छ । उहाँले प्रदूषण दिल्लीबाटै भएको उल्लेख गर्नुभएको छ ।

यसअघि एएनआईसँग कुरा गर्दै इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी, कानपुरको कोटक स्कुल अफ सस्टेनेबिलिटीका डिन प्रोफेसर सच्चिदानन्द त्रिपाठीले 'यमुना नदीमा विषाक्तताको प्रभाव खतरनाक रहेको बताउनुभएको थियो । उहाँका अनुसार साबुन, डिटर्जेन्ट र अन्य प्रदूषकहरूबाट नदीमा बग्ने फोहोर पानीमा ठूलो मात्रामा मिसिनाले बारम्बार यस्ता घटना हुने गर्छन् ।रासस

# निर्वाचनको पूर्वसन्ध्यामा जापानका प्रधानमन्त्री इशिबालाई कमजोर समर्थन

एएफपी

टोकियो । जापानका नयाँ प्रधानमन्त्री शिगेरु इशिबाको अनुमोदन आगामी अक्टोबर २७ मा हुने आम निर्वाचनअघि घटेको एक साताको सर्वेक्षणले देखाएको छ ।

पूर्व रक्षामन्त्री इशिबाले लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) को नेतामा निर्वाचित भएपछि यसै महिना पदभार ग्रहण गर्नुभएको थियो । इशिबाका पूर्ववर्ती फुमियो किशिदाको कार्यकालमा कोषको घोटाला र 'युनिफिकेसन चर्च'सँग एलडीपीका सांसदहरूको सम्बन्ध र बढ्दो मूल्यवृद्धिमा मतदाताहरूको असन्तोषका कारण पार्टीको रेटिङमा गिरावट आएको थियो।क्योदो न्यूजले शनिबार र आइतबार गरेको सर्वेक्षणले इशिबाको क्याबिनेटका लागि हालको अनुमोदन रेटिङ ४१.४ प्रतिशत रहेको देखाएको छ।

करिब एक हजार २६० मतदातामा गरिएको पछिल्लो सर्वेक्षणमा अस्वीकृति दर ४०.४ प्रतिशत रहेको क्योदोले आइतबार जनाएको छ । अक्टोबर १२ देखि १३ सम्म भएको मतदानमा ३६.७ प्रतिशतले असहमति जनाएका थिए ।"यो चुनाव हाम्रा लागि वास्तवमै जटिल र कठिन हुनेछ," इशिबाले गत साता चुनावी सभालाई सम्बोधन गर्दै भन्नुभएको थियो । उदारवादी झुकाव भएको असाही शिम्बुन पत्रिकाले सप्ताहान्तमा गरेको अर्को सर्वेक्षणमा इशिबाको



क्याबिनेटलाई ३३ प्रतिशतले समर्थन गरेको पाइएको थियो ।

असाहीको रिपोर्टमा भनिएको छ, "यो ४२ प्रतिशत अनुमोदन र ३१ प्रतिशत अस्वीकृति जनाइएको यो परिणाम सन् २०२१ मा किशिदाले प्रधानमन्त्रीका रूपमा आफ्नो पहिलो आम निर्वाचनअघि सामना गर्नुपरेको भन्दा पनि खराब छ ।" एलडिपी र उसको कनिष्ठ गठबन्धन साझेदार कोमेइतोले आगामी निर्वाचनमा बहुमत गुमाउने खतरा रहेको उक्त दैनिकपत्रिकाले जनाएको छ ।

जिजी प्रेसले आफ्नो सर्वेक्षण र रिपोर्टिङले गठबन्धनले आफ्नो बहुमत कायम राख्ने सम्भावना देखाएको छ, यद्यपि एलडीपीले एक्लै बहुमत प्रप्त गर्न सक्दैन। यो सम्भावना अन्य सञ्चारमाध्यमले विगतका धेरै सर्वेक्षणहरूमा प्रतिबिम्बित गरेको भन्दा पनि खराब छासन् २०१२ मा पूर्वप्रधानमन्त्री शिन्जो आबेले भारी मतान्तरले जित हासिल गरेपछि कन्जरभेटिभ एलडीपी र बौद्ध धर्मावलम्बी समूह समर्थित नरमपन्थी पार्टी कोमेइतो सत्तामा छन् ।

एलडीपीलाई सन् २००९ मा अधिक बामपन्थी विपक्षीहरूले पराजित गरेका थिए। एलडीपीका महासचिव हिरोशी मोरियामाले आइतबार सार्वजनिक प्रसारक एनएचकेद्वारा प्रसारित एक बहस कार्यक्रममा भन्नुभयो, "हामीले हाम्रो बहुमत गुमाएनौँ वा गुमायौँ भने पनि हामीले समान नीतिका साथ देशको विकास गर्न प्रयास गरिरहेका पार्टीहरूसँग सकारात्मक वार्ता गर्नुपर्छ।"

# 'जोरायली बासमती धान' डोटीको पहिचान



सुदूरपश्चिम । डोटीको दक्षिणी क्षेत्रमा पर्ने जोरायल क्षेत्र मसिनो बास्नादार बासमती धान फल्ने ठाउँका लागि चर्चित छ । नेपालमा अन्यत्र कतै उत्पादन नहुने परम्परागत (रैथाने) जातको 'जोरायली बासमती'का खेतको धान काटेर भित्र्याउन भ्याइनभ्याई छ ।

कर्मनासा नदीको वरिपरि देखिने धानका फाँटसहितको वरिपरिको प्राकृतिक दृश्य रमणीय छ । जोरायल गाउँपालिकामा पर्ने जोरायल क्षेत्रको भूबनोट वरिपरि पहाड र बीचमा समथर भू-भाग रहेको छ । प्राकृतिक रूपमा मनोरम यो क्षेत्र समुद्र सतहदेखि अनुमानित एक हजार आठ सय मिटरको उचाइमा रहेको छ ।

अढाइ दशकदेखि सडक सञ्जाललगायत विकासका पूर्वाधार पुगेपछि सो क्षेत्रको समग्र विकासमा टेवा पुगिरहेको स्थानीयवासीको अनुभव छ । "सडक नहुँदा जोरायल क्षेत्रमा मालसामान ढुवानी गर्न र आवागमन गर्न समस्या थियो", स्थानीय मदनराज जोशीले भन्नुभयो, "अहिले सडक पूर्वाधार पुग्दा किसानले आफ्नो कृषि उपज सहज रूपमा बजारसम्म पुर्याउन पाएको मात्र नभई आवागमन गर्न निकै सहज बनेको छ ।"

कैलालीको सीमासँग जोडिएको जोरायल क्षेत्रले रैथाने जातको मासिनो बास्नादार बासमती धान उत्पादनका लागि सदियौँदेखि छुट्टै पहिचान बनाएको छ । खानामा स्वादिलो, नरम र बास्नादार हुने विशेषताका कारण 'जोरायली बासमती'ले यो क्षेत्रको पहिचान बनाएको हो । बासमती चामलको माग सबैतिर हुन थालेसँगै कतिपय स्थानीय युवाहरू यसको कारोबार गरेर आम्दानी गर्न आकर्षित भइरहेका छन् । पछिल्ला वर्षमा यो धानको व्यावसायिक खेती सुरु भएसँगै स्थानीय किसानको आयआर्जन वृद्धि भइरहेको स्थानीय युवा भक्तराज जोशीले बताउनुभयो । उहाँले भन्नुभयो, "व्यावसायिक रूपमा यसको खेती सुरु भएसँगै धान उत्पादन गर्ने किसानमात्र नभएर धानबाट चामल बनाएर कारोबार गर्दा भइरहेको आम्दानीले युवाहरू आकर्षित भएका छन् ।"

स्थानीय किसानले आफ्नो घरायसी उपभोगका लागि मात्र खेती गर्ने गरेकामा पछिल्लो दशकमा व्यावसायिक रूपमा समेत यसको खेती गर्न थालिएको छ । यो धानले खेतीयोग्य अधिकांश जग्गा ओगट्न थालेपछि मार्सी, सलौज, थापाचिनीजस्ता रैथाने जातका धानखेती गरिने क्षेत्रफल भने घट्दै गएको जनाइएको छ ।खेतका फाँट छेउ हुँदै बग्ने कर्नासी, गोगनी, सैगडालगायत नदीको पानीले खेतका फाँट सिञ्चित गर्न सहज भइरहेको छ । अग्लो ठाउँको र पाखो जग्गामा भने सिँचाइ पुर्याउन सकिएको छैन । सिँचाइ नपुगेको जग्गामा अन्य जातका धानखेती हुने गर्छ ।

यो क्षेत्रको समथर जग्गाको नदी छेउका फाँटको हावापानीमा बासमती जातको धान उत्पादनका लागि उर्वरभूमि मानिन्छ ।

धनगढी, अत्तरियालगायत सहरी क्षेत्रमा बासमती चामलको भात खाने बानी परेका सौखिनहरू यसको चामल खोज्दै हिँडेको भेटिन्छन् ।

टोलको कुनै घरमा यो चामलको भात पाक्दै गर्दा पूरै टोलभरी पाक्दै गरेको भातको सुगन्ध फैलिन्छ । तत्कालीन राजा महेन्द्रले गरेको जोरायल भ्रमणको क्रममा 'जोरायली बासमती' चामलको भातको प्रशंसा गरेको स्थानीय वयोवृद्धको भनाइ छ ।

पछिल्ला दशकमा यो धानको बीउ हराउने हो कि भन्ने चिन्ता स्थानीयमा बढेपछि गाउँपालिका र किसानको संयुक्त पहलमा यसको रैथाने बीउ संरक्षणको पहल पनि भइरहेको छ ।

रासायनिक मलको प्रयोग नगरी गोबर कम्पोष्ट मलको प्रयोगले मात्र खेती गर्दा पनि यो धानको उत्पादकत्व राम्रो हुने गरेको स्थानीय किसानको अनुभव छ । पछिल्ला वर्षमा भने यसको खेती गर्दा रासायनिक मलको पनि प्रयोग गर्न थालिएको छ ।चाडपर्वका समयमा पकाइने मिठोमसिनो खानाको परिकारका रूपमा बासमती चामलको भातलाई लिने गरिन्छ । चाडपर्वका दिन छरछिमेकीसँग पैँचो मागेर भए पनि यो चामलको भात हरेकका घरमा पाक्ने गर्छ ।

मिठोमसिनो हुने भएकाले यो चामल स्थानीय बजारमा पाइने चामलभन्दा बढी मूल्यमा खरिद बिक्री हुने गरेको छ । उत्पादन क्षेत्रमा बासमती धानको थोक मूल्य प्रतिकिलो रु ७० पर्छ । मिलमा कुटानी गरेको यो धानको चामल प्रतिकिलो रु एक सय २० पर्दा ढिकी कुटेको चामल भने प्रतिकिलो रु एक सय ४० पर्ने गरेको छ । धनगढीलगायतका क्षेत्रमा भने यसको चामलको मूल्य प्रतिकिलो रु एक सय ५० सम्ममा कारोबार भइरहेको छ ।

जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझा गाउँपालिकाले यो धानको बीउ संरक्षण, खेती विस्तार र उत्पादित धानको बजारीकरण, प्राविधिक सहयोगलगायतका काममा किसानलाई सहयोग गरिरहेको बताउनुहुन्छ । ओझाले भन्नुभयो, "जोरायलका किसानको मुख्य आम्दानी स्रोत यो धान देखिएको छ, यसको कारोबार थप क्षेत्रमा विस्तार गर्नसके किसानको आम्दानी बढ्ने देखिन्छ ।"

यसको माग बढेसँगै व्यापार गर्दा आम्दानी गर्न सकिने भएपछि बासमती धान दाइँ गर्ने मौसममा व्यापारीहरू धानखेतमै पुग्ने गरेका छन् । जोरायल क्षेत्रको धन्यास, बगडीगाउँ, चनकट्टे, सिलम्बाग, सुगाँल, राउतकट्टेलगायतका गाउँको एक हजारभन्दा बढी हेक्टर क्षेत्रफलको ओसिलो जग्गामा यो धानको खेती हुने गर्छ ।

मसिनो तथा बास्नादार धानको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्ने प्रदेश सरकारको नीतिबमोजिम रैथाने जातका अन्नबाली, मसिनो तथा बास्नादार धान उत्पादन कार्यक्रम संरक्षण सर्वर्द्ध धनमा सहयोग गर्दै आएको छ । यद्यपि ठूलो क्षेत्रफलमा मसिनो तथा बास्नादार धानखेतीको क्षेत्रफल अपेक्षित रूपमा बढ्न नसक्दा प्रदेशका अधिकांश जिल्लामा खपत हुने मसिनो धान बाहिरी जिल्लाबाट आपूर्ति गर्नुपर्ने अवस्था छ ।

बाहुन, क्षेत्री, दलित, ठकुरी, मगरलगायत समुदायको बसोबास रहेको यो क्षेत्रमा सडक, विद्युत्, सञ्चारलगायत विकासका आधारभूत पूर्वाधार जुटिसकेका छन् ।

अवसरको खोजीमा आफ्नो पुर्ख्यौली थलो छाडेर वर्षौंअघि अन्यत्र बसाइँसराइ गरेका जोरायलवासी अहिले त्यहाँ भइरहेका सडकलगायत विकासका कामले पुनः आफ्नै जन्मथलोमा फर्किने हो कि भनेर सोच्न थालेका छन् ।रासस

# विदेशी मुद्रा विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैँया २१ पैसा र बिक्रीदर एक सय ३४ रुपैँया ८१ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४५ रुपैँया ८४ पैसा र बिक्रीदर एक सय ४६ रुपैँया ४९ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७५ रुपैँया १६ पैसा र बिक्रीदर एक सय ७५ रुपैँया ९५ पैसा, स्वीस फ्रयाङ्क एकको



खरिददर एक सय ५५ रुपैँया १७ पैसा र बिक्रीदर एक सय ५५ रुपैँया ८४ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ९० रुपैँया १ पैसा र बिक्रीदर ९० रुपैँया ४२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैँया २५ पैसा र बिक्रीदर ९७ रुपैँया ७८ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय दुई रुपैँया ४२ पैसा र बिक्रीदर एक सय २ रुपैँया ८८ पैसा निर्धारण गरिएको छ । जापानी येन १० को खरिददर खाठ रुपैँया ९८ पैसा र बिक्रीदर नौ रुपैँया २ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैँया ९० पैसा र बिक्रीदर १८ रुपैँया ९८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैँया ७४ पैसा र बिक्रीदर ३५ रुपैँया ८९ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैँया ८१ पैसा र बिक्रीदर ३६ रुपैँया ९७ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैँया ५ पैसा र बिक्रीदर चार रुपैँया ५ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैँया ५४ पैसा र बिक्रीदर ३६ रुपैँया ७० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैँया १८ पैसा र बिक्रीदर ३१ रुपैँया ३२ पैसा, साउथ कोरियन वन एक सयको खरिददर ९ रुपैँया ८० पैसा र बिक्रीदर ९ रुपैँया ८४ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैँया ७६ पैसा र बिक्रीदर १२ रुपैँया ८१ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैँया ५५ पैसा र बिक्रीदर १९ रुपैँया ६४ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैँया २७ पैसा र बिक्रीदर १७ रुपैँया ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैँया ९२ पैसा र बिक्रीदर चार सय ३९ रुपैँया ८८ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैँया ९८ पैसा र बिक्रीदर तीन सय ५७ रुपैँया ७९ पैसा तथा भारतीय रुपैँया एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।रासस

# बागलुङको छुर्पी अमेरिका निर्यात

गलकोट । पछिल्लो समय यहाँ उत्पादित छुर्पीले राम्रो बजार पाएको छ । सहकारीमार्फत सङ्कलित दूधबाट उत्पादित छुर्पीको माग उच्च छ । यहाँ उत्पादित छुर्पी काठमाडौँ हुँदै अमेरिका निर्यात हुने गरेको छ । बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घमार्फत दूध सङ्कलन, प्रशोधन र बजारीकरण हुने गरेको छ ।



वार्षिक रु आठ करोडको दूध तथा दुग्धजन्य पदार्थको कारोबार गर्ने सहकारी सङ्घले आर्थिक वर्ष २०८०/८१ मा मात्रै रु. ३८ लाख ५४ हजार चार सय १० को छुर्पी अमेरिका निर्यात गरेको हो । दुग्ध सहकारी सङ्घ बागलुङका अध्यक्ष दिपक गौतमकाअनुसार सहकारीबाट उत्पादित दूध, दही, घ्यू, पनिर, छुर्पी र खुवामध्ये छुर्पीको माग अन्तर्राष्ट्रिय बजारमा उच्च छ । "दूध, तथा अन्य उत्पादनहरु बागलुङमै खपत भइरहेको हुन्छ, तर छुर्पीको बजार अन्तर्राष्ट्रियस्तरमा छ", गौतमले भन्नुभयो ।

दुग्ध उत्पादक सहकारी सङ्घमा एक हजार पाँच सय किसान आबद्ध छन् । सङ्घले किसानबाट सङ्कलित दूधसहित अन्य सात प्रकारका दुग्धजन्य परिकार उत्पादन गरी बिक्री तथा वितरण गर्दै आएको छ । सङ्घले बागलुङ जिल्ला दूधमा आत्मनिर्भर बनाएको छ । सहकारीले गत आवमा रु सात करोड ८३ लाखको दूध, एक करोडको दही, २० लाखको घ्यू, ३२ लाखको पनिर र ८० हजारको खुवा बिक्री गरेको जनाएको छ ।

हाल सहकारी सङ्घले छुर्पी प्रतिकिलो रु एक हजार दुई सयमा बिक्री गर्दै आएको छ । सहकारीमा आबद्ध किसानले सहकारीमा आवद्ध भएपछि दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएकाले हौसला मिलेको बताएका छन् । सहकारी सङ्घमा १६ कर्मचारीले सङ्कलित दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गर्ने गरेको सहकारीका लेखापाल गणेश खड्काले बताउनुभयो ।

कृषकले उत्पादन गर्ने, सहकारीले सङ्कलन गर्ने र सहकारी सङ्घले दूध प्रशोधन गरी दुग्धजन्य पदार्थ बिक्री गरेर सहकारीको असल अभ्यास गरेको राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा सहकारी अभियन्ता रामबहादुर जिसीको भनाइ छ । दैनिक यहाँका काठेखोला गाउँपालिका र बागलुङ नगरपालिका किसानले उत्पादन गरेको दूध खरिद गरी १४ वटा सहकारीमार्फत सङ्घले बजारीकरण गर्दै आएको छ ।रासस

# उद्धारको पर्खाइमै मर्छन् लोपोन्मूख वन्यजन्तु



घोडाघोडी । गत बुधबार बिहान कैलालीको जानकी गाउँपालिका-६ स्थित कैलाशेश्वर सामुदायिक वनभित्र पासोमा परेको अवस्थामा चितुवा फेला पर्‍यो । उद्धार टोलीलाई खबर पनि गरियो । टोली आइपुग्न ६ घण्टा लाग्यो । उद्धारको केही घण्टामै चितुवाको मृत्यु भयो ।

विसं २०७८ चैत १७ गते घोडाघोडी नगरपालिका-१० तुल्सीपुर सामुदायिक वनमा पासोमा परेको चितुवाको उद्धार नहुँदै मृत्यु भएको । विसं २०७६ वैशाख १५ गते घोडाघोडी नगरपालिका-३ नारायणपुरस्थित थाह्ना र मोहन्याल सामुदायिक वनको सिमानामा चितुवा पासोमा परेको अवस्थामा फेला प-यो । डिभिजन वन कार्यालय नपुरसँग उद्धार गर्ने दक्ष जनशक्ति नभएपछि बर्दिया राष्ट्रिय निकुञ्जको उद्धार टोलीलाई खबर गरियो । उद्धार टोली घटनास्थल पुग्न नपाइ चितुवाको मृत्यु भयो ।

कैलालीमा पछिल्लो केही वर्षयता पासोमा परेर विश्वकै लोपोन्मुख प्रजातिका पाटे बाघ र चितुवाको मृत्यु भइरहेको डिभिजन वन कार्यालय पहलमानपुरले जनाएको छ ।पछिल्लो छ वर्षमा पासोमा परेर कैलालीमा दुई वटा पाटे बाघ र पाँच वटा चितुवाको मृत्यु भएको डिभिजन वन कार्यालय पहलमानपुरले जनाएको छ । जिल्लामा आर्थिक वर्ष २०७५/०७६ मा एउटा चितुवा, आव २०७८/७९ मा दुई चितुवा र एउटा पाटे बाघ, आव २०८०/८१ मा एक पाटे बाघ र एक चितुवाको मृत्यु भएको छ भने चालु आवमा एक चितुवाको मृत्यु भएको छ ।

कैलालीमा भारतको दुधुवा नेशनल पार्क जोड्ने वसन्ता जैविकमार्ग र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोड्ने कर्णाली जैविकमार्ग छन् । यी मार्गबाट बाघ, चितुवा, हात्तीलगायतका जङ्गली जनावर ओहोरदोहोर गर्ने गर्दछन् । यी जैविक मार्गका वरिपरि बाक्लो मानव बस्ती छ । यसका कारण पनि यी क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्वका घटना हुने गरेको डिभिजनल वन कार्यालय पहलमानपुरका निमित्त प्रमुख सुरेन्द्र कठायतले बताउनुभयो ।

जिल्लामा वन्यजन्तु उद्धारका लागि बर्दिया राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दियाको टोलीलाई बोलाइने गरिन्छ । समन्वय गरेर उद्धार टोली आइपुग्दा घण्टौं बितिसकेको हुन्छ । कठायतले भन्नुभयो, "यो अवस्थामा कतिपय मरिसकेका हुन्छन् र कतिपय उद्धार भएपछि मर्छन् । यदि हाम्रै ठाउँमा उद्धार टोली भएको भए समयमा उद्धार गरी बचाउन सकिन्थ्यो । उद्धार टोलीसँगै उद्धार गरिसकेपछि राख्ने ठाउँ यहाँ छैन । तत्काल उद्धार गरेर 'साइकोलोजीकल थेरापी'सँगै पालनपोषणका लागि उद्धार केन्द्र आवश्यक पर्ने सुदूरपश्चिम प्रदेश वन निर्देशनालयका निर्देशक हेमराज विष्टले बताउनुभयो ।

विष्टकाअनुसार विविधकारणले उद्धार गरिएका वन्यजन्तु निकुञ्जले राख्न मान्दैन । सुदूरपश्चिममा उद्धार टोली र उद्धार केन्द्रको आवश्यकता रहेको बताउँदै उहाले भन्नुभयो, "त्यसका लागि हामीले पहल गरिरहेका छौँ ।" पहिले निकुञ्ज क्षेत्रमा धेरै जसो वन्यजन्तुको द्वन्द्व हुने गर्थ्यो । त्यसैले निकुञ्जमा उद्धार केन्द्रहरू राखिएका छन् । अहिले निकुञ्ज बाहिर उद्धार टोली र उद्धार केन्द्रको आवश्यकता महसुस भएको सुदूरपश्चिम प्रदेश उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईले बताउनुभयो ।

सुदूरपश्चिममा कैलाली, कञ्चनपुरसँगै पहाडी जिल्ला बैतडी, डोटी, डडेल्धुरालगायतमा यस्ता समस्या रहेको उहाँले बताउनुभयो । उद्धार टोलीका लागि नयाँ दरबन्दी राख्नुपर्छ । भेटनरी डाक्टरलगायतका कर्मचारीको आवश्यक पर्ने गरेको बताउँदै उहाँले भन्नुभयो, "सरकारलाई यसका लागि प्रस्ताव गरेका छौँ । स्वीकृत भएपछि अगाडि बढ्ने छौँ ।रासस

# शृङ्गार व्यवसायबाट मनग्य आम्दानी

कञ्चनपुर । ब्यूटीसिएन (शृङ्गार) व्यवसायमा संलग्न भीमदत्त नगरपालिका-४ की २९ वर्षीया पुनम जैसीलाई परिवारको खर्च चलाउने पिरलो छैन । तालिम लिएर व्यवसाय सञ्चालन गरेकी उहाँको मासिक कमाई रु ४० हजार जति हुने गरेको छ ।

मासिक रूपमा आउने कमाइले उहाँको घर खर्च सहज रूपमा चल्न थालेको छ । घरभाडा, बालबालिकाको विद्यालय खर्च, लुगाफाटो, खाद्यान्न, नुनतेल, तरकारीको जोहो व्यवसायको कमाइले धान्दै आएको उहाँले बताउनुभयो ।



अन्तरजातीय प्रेम विवाह गरेकी जैसीले सुरुका तीन वर्ष निकै कष्ट सहनुपर्यो । "महेन्द्रनगर बजारको सिद्धनाथ मन्दिरमा लाग्ने तीनमहिने मेलामा तीन वर्षसम्म बालबालिकाका खेलौना, शृङ्गारका सामान, जुत्ता चप्पललगायत सामग्री बेचेर रु ७०-८० हजार जति कमाइ हुन्थ्यो", उहाँले भन्नुभयो, "अठार जनाको संयुक्त परिवारमा बस्नुपर्दा त्यो कमाइले खर्च पुग्दैन्थ्यो ।" तीन महिना मन्दिर छेउ बसेर सामान बिक्री गर्ने जैसीले बाँकी समय मजदुरी गरेर जीविका चलाउँदै आउनुभएको थियो । " ब्यूटिसीएन तालिममा सहभागी हुने मौका पाए", उहाँले भन्नुभयो, "निकै मेहनत गरेर एक लेभलसम्मको परीक्षा उत्तीर्ण गरेँ, आफ्नै व्यवसाय सञ्चालन गर्ने धोको थियो ।"

सीप सिकेर निपूण भए पनि व्यवसाय सञ्चालन गर्न आवश्यक पुँजीको अभाव थियो । मन्दिरमा सामान बिक्री गरेको र मजदुरी गरेर खाइनखाइ राखेको रु ३० हजार रकम उहाँसँग थियो । "घर नजिकैको सहकारीमा गएर व्यवसाय गर्ने इच्छा जाहेर गरेँ, पुँजी अभाव रहेका कुरा सुनाएँ", उहाँले भन्नुभयो, "सहकारीबाट रु ४० हजार कर्जाका रूपमा रकम पाएँ, आफूसँग रहेको र सहकारीको गरी रु ७० हजार रकमबाट व्यवसाय सुरु गरेँ ।"

ग्राहकको मागअनुसार सेवा दिन थालेपछि व्यवसाय अगाडि बढ्दै आएको उहाँले उल्लेख गर्नुभयो । हाल पसलमा रु छ लाख बढीको ब्यूटिसीएन र शृङ्गारसम्बन्धीको सामान रहेको छ । पसलबाट कमाएको रु १४ लाख र श्रीमान्ले कमाएको रु १२ गरी रु २६ लाखमा जैसीले महेन्द्रनगर बजार छेउमा एक कठ्ठा जग्गा घरेडी जोड्न भ्याएकी छन् ।

भाडाका घरमा बस्दै आएकी जैसीले यसै वर्ष आफ्नै घर निर्माण गर्ने सोच अघि सार्नुभएको छ । ग्राहकको मन जित्न सके व्यवसायलाई अगाडि बढाउन सकिने उदाहरण उहाँले पेस गर्नुभएको छ । जैसीका दुई छोरी र एक छोरा छन् । रासस

# चिया निर्यात बढ्यो, अलैँची घट्यो

भद्रपुर । मेची भन्सार कार्यालयबाट आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिकमा चिया निर्यात ३६ प्रतिशतले बढेको छ । कार्यालयको तथ्याङ्कानुसार तीन महिनामा छ हजार चार सय २६ दशमलव ७६ मेट्रिक टन चिया निर्यात भएको हो ।

चिया निर्यातको परिमाणसँगै यसको मूल्य ५० दशमलव ८८ प्रतिशतले बढेको मेची भन्सार कार्यालयका सूचना अधिकारी गणपति कँडेलले जानकारी दिनुभयो । चालु आवको पहिलो तीन महिनामा रु एक अर्ब ७१ करोड ४० लाख ३१ हजार बराबरको चिया निर्यात भएको छ । आव २०८०/८१ को सोही अवधिमा रु एक अर्ब १३ करोड ५९ लाख ९४ हजार बराबरको चिया निर्यात भएको थियो ।

भारतमा चिया उत्पादनमा कमी आएसँगै नेपालबाट चियाको निर्यात बढेको नेपाल चिया उत्पादक सङ्घका अध्यक्ष आदित्य पराजुलीले जानकारी दिनुभयो । चिया निर्यातमा सरकारले सहजीकरण गरिदिने हो भने भारतमा माग बढेकाले चियाको निर्यात अझै बढ्ने अध्यक्ष पराजुलीको दाबी छ ।

कार्यालयको तथ्याङ्कानुसार चालु आव २०८१/८२ को पहिलो त्रैमासिकमा अलैँचीको निर्यातमा ४९ प्रतिशतले गिरावट आएको छ । रासस


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

महोत्तरी जिल्ला, बगडा गा.वि.स. वडा नं. ५ घर भई हाल महोत्तरी जिल्ला, लोहरपट्टी नगरपालीका वडा नं.१ वस्ने श्री जय यादव को बुहारी, श्री अवध यादब को पत्नी वर्ष ८२ को श्रीमती **शान्ती यादबनी को** मिति २०८१/०१/१३ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४११८०५ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको छोरी श्रीमती बेचो यादबनी र श्रीमती जनक दुलारी यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय सस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर- २, धनुषा**
फोन ०४१-५९०२६१

# बिटौरी जग्गाको समस्या समाधान गर्न माग गर्दै काँग्रेसद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र

**टुडे समाचारदाता**

राजविराज । नेपाली कांग्रेस सप्तरीले राजविराज नगरपालिका क्षेत्रको बिटौरी जग्गाको समस्या समाधान गर्न माग गर्दै सोमबार प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।



राजविराज नगरक्षेत्रमा बसोबास गर्ने ४ हजार ६ सय परिवार वर्षौंदेखि लालपुर्जा आफ्नो नाममा प्राप्त गर्न नसकेको तथा नक्सापाश समेत रोकिँदा समस्या परेको भन्दै काँग्रेस सप्तरीका पदाधिकारी सम्मिलित टोलीले नगरमा प्रदर्शन पश्चात प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

कांग्रेस सप्तरीका सभापति रामदेव साह, उपसभापति रामकुमार यादव र सचिव सनत कुमार मंडल सहितको टोली जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्राती मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई पठाईएको ज्ञापनपत्रमा २०१६ सालमै नगरपालिका घोषणा भई नगरको मुख्य सडक मेनरोड तथा भित्रि सडकको दायाँबायाँ पुस्तौंदेखि बसोबास गर्दै आएका करिब ४ हजार ६ सय परिवार बर्षौं देखि लालपुर्जा पाउन नसकि समस्यामा परेको उल्लेख छ ।

जग्गा वापत नगरपालिकाबाट पाएको बिटौरी रसिदको आधारमा बसोबास र विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक र वित्तिय संस्थामा धितो राखि ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट वञ्चित भएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

"विगत ७ बर्ष देखि श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि नगरवासी बैंक तथा वित्तीय संस्थाबाट पाउनुपर्ने सेवा सुविधाबाट बञ्चित छन्, ज्ञापनपत्रमा भनिएको छ,- बिटौरी जग्गाको बर्षौं देखि कर लिने गरेको राजविराज नगरपालिकाले लालपुर्जा र नक्सापास उपलब्ध नगराउँदा बैंक तथा वित्तिय संस्थाले त्यस्तो जग्गा धितो राख्न मानेका छैनन् । जसकारण व्यापार, व्यवसाय चौपट्ट हुनुका साथै शिक्षा, उपचार र व्यापारिक कारोवार लगायतका काम गर्न पनि नगरवासीलाई समस्या परेको छ ।

पुस्तौं देखि बसोबास गर्दै आएको आफ्नै जग्गा पनि समस्या पर्दा बैंक तथा वित्तीय संस्थामा राखेर ऋण लिन नपाउनु दुखद र निन्दनीय भएको भन्दै ज्ञापनपत्र मार्फत नगरवासी उक्त पीडा अविलम्ब सम्बोधन नभए बाध्य भइ चरणबद्धमा उत्रिने चेतावनी समेत दिईएको छ ।

काँग्रेसका क्षेत्रिय सभापति उमेश मिश्र, जिल्ला सदस्य शम्भुलाल देव, प्रेस युनियन सप्तरीका सचिव रामानन्द देव, महिला नेतृ निर्मला चौधरी समेतको उपस्थितिमा सो ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी मग्राती तत्कालै सम्बन्धित कर्यालययमा पठाउने प्रतिवद्धता जनाएको नेपाली कांग्रेस सप्तरीले जनाएको छ ।

# मधेश सरकारका मुख्यसचिव करिब डेढ महिनादेखि अनुपस्थित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका मुख्यसचिव करिब डेढ महिनादेखि कार्यालयमा गयल छन् ।




मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश सरकारका मुख्यसचिव लोकनाथ पौडेल अनुपस्थित हुँदा सम्पूर्ण कामकाज प्रभावित भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अनुसार मुख्यसचिव लोकनाथ पौडेल झण्डै डेढ महिनादेखि कार्यालय बाहिर छन् ।

करिब ७/८ दिनको तालिमका लागि २७ भदौँदेखि गएदेखि मुख्यसचिव पौडेल अहिलेसम्म अनुपस्थित नै रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

मुख्यसचिव पौडेलले अख्तियारी दिएर नजाँदा प्रदेश सरकारको कामकाज ठप्प हुनुको साथै सेवाग्राहीले सास्ती खेप्दै आएको गुनासो छ ।

प्रदेश सांसद श्याम पटेलले भने, 'मुख्यसचिवजी नहुँदा धेरै काम प्रभावित भएको छ, कुनै पनि सरकारी काम गराउन जाँदा उहाँ नभएपछि त्यो काम हुन सकिरहेको छैन । जसले जनताका कामहरु पेन्डिङमा छन्, कतिपय ठाउँमा हामीले गालीसमेत खानु परिरहेको छ । मुख्यसचिवजीको अतोपतो छैन ।'

उनले भने, 'यदी प्रदेश सरकारमा बस्नु छैन भने किन ठाउँ कब्जा गरेर राख्नुपर्‍यो । 'भ्याउँन सकिएको छैन भने अरु ठाउँमा सरुवा गराएर जाँदा हुन्छ त ।'

मुख्यमन्त्री सतीशकुमार सिंहले मुख्यसचिव एक सातादेखि बाहिर रहेको स्वीकारे । तर अहिलेसम्म कार्यालयमा नआएको उनी बताउँछन् ।

# कार्यालयहरुको सेवा भ्रष्टाचार रहित बनाइनुपर्नेमा जोड



**टुडे समाचारदाता**

राजविराज । जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले सरकारी कर्यालयको सेवा चुस्तदुरुस्त, निष्पक्ष र भ्रष्टाचार रहित बनाइनुपर्नेमा जोड दिएका छन् ।

राजविराजमा सोमबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा आयोजित कार्यालय प्रमुखहरुको मासिक बैठकमा उनले कर्मचारीले निष्पक्षरुपमा काम गर्नुपर्नेमा जोड दिए ।

"विभिन्न कार्यालयहरुमा ढिलासुस्ती, आर्थिक लेनदेन लगायतका जनगुनासो आउन थालेका छन्, उनले भने- यस्ता गतिविधि नरोकिए जनता र जनप्रतिनिधि दुवै प्रतिकारमा उत्रिने छन् ।"

उनले जनसरोकारका विभिन्न कार्यालयहरुमा कर्मचारीद्वारा लेनदेन र काममा ढिलासुस्ती भईरहेको सेवाग्राहीबाट गुनासो आईरहेको भन्दै यसलाई रोक्न प्रमुख जिल्ला अधिकारीले पनि कडाईका साथ आफ्नो भूमिका खेल्नुपर्नेमा जोड दिए ।

"विभिन्न कार्यालयमा सेवा प्रवाहमा समस्या, ढिलासुस्ती, मनपरीतन्त्र तथा आर्थिक चलखेलका कारण बेलाबेलमा जनता र जनप्रतिनिधिबाट समेत आक्रोश व्यक्त भई तनाव उत्पन्न हुने गरेको छ, बैठकको अध्यक्षता गरिरहेका प्रमुख जिल्ला अधिकारी मेखबहाादूर मग्रातीको ध्यानाकर्षण गराउँदै उनले थपे, यस तर्फ कडाईका साथ अनुगमन गर्नु जरुरी छ ।"

मधेश प्रदेशका पुर्व शिक्षाामन्त्री समेत रहेका उनले सुशासनको प्रत्याभूती गराउन पनि सम्पूर्ण क्षेत्रको सेवा प्रभावकारी बनाईनु आवश्यक रहेको बताए ।

जिल्लाभरका सरकारी कार्यालयका प्रमुखहरुको सहभागितामा आयोजित बैठकमा प्रमुख जिल्ला अधिकारी मग्रातीले आ-आफ्नो कार्यालयबाट निष्पक्ष, विना कुनै लेनदेन र छिटो छरितो सेवा प्रदान गर्न कार्यालय प्रमुखहरुलाई निर्देशन दिए । उनले भ्रष्टाचार अन्त्य भए मात्र सुशासन कायम हुने भन्दै यसका लागि सबै कर्मचारी जिम्मेवार बन्नुपर्नेमा जोड दिए ।

# किसानहरु चिन्तित

**टुडे समाचारादाता**

जनकपुरधाम । धान काटेर खेतमै सुकाउँदा शनिबार राति परेको पानीले डुबाएपछि रौतहटका किसान चिन्तित छन् । दशैं सकिएसँगै उत्साहका साथ धान भित्र्याउन जुटेका किसानको धान काटिसकेपछि एक्कासी डुबानमा परेको छ ।



जिल्लाको चन्द्रपुर नगरपालिका-६ का किसान रमेश कोइरीको १० कट्ठामा लगाएको धान खेतमै डुबेको छ । उनले भने, "भकारीमा पुग्नुपर्ने धान खेतमै डुबेपछि धान पाँजामै उम्रने वा कुहिने भयो । झन्डै कट्ठाको साढे चार मन हुने गरी फलेको धान डुबानमा परेपछि के गर्नु कसो गर्नु भएको छ ।" त्यस्तै जिल्लाको गुजरा नगरपालिका-४ का जीवन साह पनि धान काटेर झार्नका निम्ति थ्रेसरको पालो कुर्दाकुर्दै एक्कासि पूरै धान डुबेकोमा चिन्तामा हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "डुबानमा परेको धानको न भात मिठो हुन्छ न त राम्रो दाममै बिक्री हुन्छ । चामल किनेर खानुपर्ने अवस्था आयो ।"

त्यसैगरि बृन्दावन नगरपालिका-२ का किसान दिवाकर पटेल भन्नुहुन्छ, "झरीसँगै आएको हुरीले पाक्न लागेको धान सबै झारिदिएको छ । वृन्दावनको करिब सय बिघाभन्दा बढी क्षेत्रफलमा लगाइएको धान ढलेका कारण उत्पादनमा निकै घट्ने भयो ।"

जिल्ला कृषि ज्ञान केन्द्र रौतहटका निमित्त कार्यालय प्रमुख सुरेन्द्रप्रसाद कुर्मीले एक रातको बेमौसमी झरीले जिल्लाका अधिकांश क्षेत्रमा पाक्न लागेको र पाकेर काटेको धानमा निकै क्षति पुगेको बताए । जिल्लामा ३८ हजार सात सय हेक्टर जमिनमा धान खेती हुँदै आएको छ । बर्सातको समयमा आएको बाढी र शनिबारको बेमौसमी झरीले धान खेत डुबानमा पर्दा उत्पादनमा ठुलो ह्रास आउने कार्यालय प्रमुख कुर्मी बताउँछन् । त्यस्तै सर्लाहीमा पनि शनिबार राति भएको बेमौसमी वर्षाले धान बालीमा व्यापक क्षति पुगेको छ । केही दिनदेखि मौसम धाम्मधुम्म भइरहेका बेला डराई डराई धान काटेका किसानलाई शनिबार राति भएको ठुलो वर्षाले धान भिजाएपछि निराश पारेको छ । पानीसँगै हावाहुरीसमेत चल्दा भर्खरै पसाएको धान बालीसमेत भुइँमा लडाएको किसानले बताएका छन् ।

काटेर खेतमा सुकाएको धान वर्षाले डुबाएको बरहथवा नगरपालिका-१, हजरियाका किसान सन्जित मुखियाले गुनासो गरे । "रातभर परेको पानीले पूरै फाँटको धान भिजाएर बिजोग पार्‍यो," मुखियाले भने, "वर्ष दिनसम्म खाने धान बाली भिजाएपछि सबैको रुवाबासी छ ।"

पानीमा चुर्लुम्म डुबेको धानका पाँजा उठाएर किसानले खेतको आलीमा सुकाउन सुरु गरेका छन् । मजदुर अभावमा बल्लतल्ल धान काटेका किसानलाई पानी परेर धान डुबाएपछि थप समस्या परेको छ ।

वर्षाले जिल्लाको हजरिया, राजघाट, बरहथवा, लालबन्दी, ईश्वरपुरलगायत क्षेत्रका किसानले काटेर सुकाएको धान बालीमा व्यापक क्षति पुगेको छ । लालबन्दी नगरपालिका-२ स्थित नवलपुरका किसान कृष्ण दाहालले शनिबार दिउँसो मात्रै काटेर सुकाएको धान रातिको पानीले डुबाएको बताए । दशैं मनाएलगत्तै जिल्लाका किसानले धमाधम धान काट्दै थिए ।

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख देवानन्द रायले वर्षाले जिल्लाका २० वटै पालिकाको धान बालीमा धेरै क्षति पुर्‍याएको र विवरण लिने काम भइरहेको बताए । "अगाडि नै पाक्ने धान लगाएका किसानले धमाधम धान भित्र्याइरहेका थिए तर रातिको पानीले धेरै किसानको धान भिजाएको छ," रायले भने, "पछि पाक्ने धान लगाएका किसानको समेत धानको बोट लडाएर धेरै नै क्षति गरेको छ ।" रायले भिजेको धान तत्कालै आली वा अन्य ओभानो ठाउँमा सुकाइहाल्न सुझाव दिए ।

त्यस्तै बेमौसमी वर्षाले भर्खरै छरिएको तोरी, चना, मुसुरो, आलसलगायतका दलहन तथा तेलहन बालीमा समेत क्षति गरेको किसानले बताएका छन् । ती बाली दोहो-याएर छर्नुपर्ने अवस्था आएको किसानको दुःखेसो छ । त्यसैगरि भीषण वर्षाले गर्दा गोलभैंडा, कोभी, आलु, मुला, सागपातलगायत अन्य तरकारीमा उत्तिकै क्षति पु-याएको लालबन्दी नगरपालिकाको कृषि शाखाका प्रमुख गोकर्ण पौडेलले बताए ।

# साथीहरुको कुरामा असहमति जनाउँदा साथीकै हत्या !

**टुडे समाचारदाता**

लहान । एक साथीले आफ्ना अन्य साथीहरुको कुरामा असहमति जनाउँदा हत्या गरेको छ ।



एक साथीले आफ्नो प्रेमिकासंग ५ जना साथीलाई मध्यरातमा गलत क्रियाकलाप गर्न नदिए पछि उनीहरुले आफ्नै साथीको हत्या गरेको सिरहा प्रहरीले रहस्य उजागर गरेको छ । ती पाँचै जना लागुऔषध सेवनकर्ता रहेका छन् ।

जिल्लाको गोलबजार नगरपालिका-१३ का २१ वर्षीय कृष्णकुमार महराको हत्या उनका आफ्नै साथीहरुले गरेको खुलेको छ ।

महराको शव सुखीपुल नगरपालिका १० स्थित गागन खोलाको किनारमा शरीरको कम्मरभन्दा माथिको भाग बालुवाले छोपेको अवस्थामा असोज २८ गते साँझ फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

प्रहरीको अनुसन्धानमा सँगै दुर्गा मेला हेर्न गएका लागूऔषध सेवनकर्ता साथीले यातनासहित हत्या गरेको खुलेको जनाएको छ ।

हत्या आरोपमा गोलबजार नगरपालिका-१३ स्थित डंगराहा टोलका २७ वर्षीय सन्तोषकुमार महरा, २८ वर्षीय रोहित कुमार महरा, २१ वर्षीय धर्मेन्द्र महरा, १९ वर्षीय धिरज कुमार राम र २० वर्षीय मोहमद जमसेदलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायव उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिए ।

असोज २७ गते राति कृष्ण र रोहित सुखिपुर नगरपालिका-१०, शिवचौकमा दुर्गा पूजाको मेलामा गएका थिए । त्यहाँ उनीहरूका अन्य साथीहरू भेट भएका थिए । डीएसपी पासवानका अनुसार सबैले लागु पदार्थ सेवन गर्ने योजना बनाउँदै मेला स्थलभन्दा पूर्वतर्फको खोला नजिक गएका थिए ।

उनीहरूले लागूऔषध गाँजा र नाईट्राभेट ट्याबलेट सेवन गरेका थिए । सो क्रममा कृष्णले आफूले चिनेकी एक केटी साथीलाई भेट्न बोलाउने योजना सुनाए । अन्य साथीहरूले पनि ती महिलासँग भेट्ने इच्छा व्यक्त गरेपछि कृष्णले अस्वीकार गरे ।

प्रहरी नायब उपरीक्षक पासवानका अनुसार सोही विषयमा उनीहरुबीच विवाद बढ्यो र रिसको आवेगमा हत्या योजना बनाउन पुगे । पाँचैजनाले कृष्णलाई चारतैतिरबाट घेरा हालेर धारिलो कैंचीले घाँटी र पेटमा प्रहार गरी निर्ममतापूर्वक हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको उनले बताए ।

अपराध लुकाउन उनीहरूले गागन खोलाको पश्चिमतर्फ खाल्डो खनेर कृष्णको शरीरको माथिल्लो भाग बालुवाले ढाकेर फरार भएका थिए । असोज २८ गते कृष्णको शव फेला परेपछि प्रहरीले अनुसन्धान गर्दै जाँदा आफ्नै साथीद्वारा हत्या भएको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

आरोपीहरुलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा सिरहा जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# बाँसका सामग्री बनाउनमा व्यस्त डुम समुदाय

**टुडे समाचारदाता**

जनकपुरधाम । छठ पर्व नजिकिएसंगै डुम समुदाय बाँसका सामग्री बनाउनमा व्यस्त छन् । परम्परागत रुपमा बनाउँदै आएका बाँसका सामग्रीहरू सुपा, डाली, सिज, र दौरा छठको पूजा र अर्घ दिने निकै महत्वपूर्ण मानिन्छ ।



डुम समुदायका मानिसहरू वर्षभरि बाँसका विभिन्न सामग्रीहरू बनाएर परिवारको गुजारा गर्ने गर्छन् । तर छठ पर्वको समयमा यी सामग्रीहरूको माग धेरै बढ्ने गर्दा उनीहरू अहिले सम्पूर्ण परिवार सामग्री बनाउनमा व्यस्त छन् । विशेष गरी छठ पर्वको समयमा उनीहरूको व्यवसायमा वृद्धि हुन्छ । उनीहरू बाँसको सामग्रीहरू बनाउँदै बिक्री गर्ने कार्यमा लिप्त हुन्छ । बाँसबाट बनेको नाङ्लो, डालो जस्ता सामग्रीहरूको छठको विशेष पूजा विधिमा महत्त्वपूर्ण भूमिका हुने भएकाले, यी सामग्री बिना छठको पूजा अधुरो मानिन्छ ।

चाँडबाड अनुसार बाँसबाट बनेका सामग्रीबाट ७-८ हजार रुपैयाँ कमाई हुने स्थानीयवासी निलम मल्लिकको भनाइ छ । पहिला सहजै र कम मूल्यमा बाँस खरिद गर्न पाइन्थ्यो तर, अहिले बाँस पनि बाहिरबाट आउँछ, र महँगो पनि छ, यसरी बाँस उत्पादन र प्रयोग कमी आउँदा हाम्रो परम्परागत पेसामा लुप्त हुने डर पनि बढेको उनले बताए ।

साता दिन अघिदेखि नै जनकपुरधामको पेठिया बजारमा छठका लागि बाँसका सामग्री लामलस्कर राखेर बेच्न थालिएको छ । जहाँ जिल्लाबाट मात्र नभएर जिल्ला बाहिरबाट पनि बाँसका सामग्री मगाउने गरिन्छ ।

डुम समुदायका लागि सो पर्व उनीहरूको आर्थिक उपार्जनको मुख्यम स्रोत पनि हो, यसमा बाँसका सामग्रीको माग छठका बेला अत्यधिक हुने गर्छ । यसले उनीहरूलाई आर्थिक लाभ दिलाउनुका साथै उनीहरूको परम्परागत कौशललाई जगेर्ना गर्न सहयोग गर्छ ।

डुम समुदायको सिपलाई सांस्कृतिक सम्पदाको रूपमा मात्र नभएर आर्थिक अवसरका रूपमा पनि हुन्छ ।

## लागूऔषध गाँजासहित विभिन्न जिल्लामा तीन जना पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । घरमा अवैध गाँजा लुकाएर राख्ने एक युवकलाई सीमावर्ती गाउँ सखुअवाबाट सर्लाही प्रहरीले नियन्त्रणमा लिएको छ । सीमावर्ती क्षेत्रमा पर्ने ब्रह्मपुरी गाउँपालिका-५ स्थित सखुअवाका २१ वर्षीय पंकज साहलाई प्रहरीले लागूऔषध गाँजासहित घरबाटै नियन्त्रणमा लिएको छ ।

लागूऔषध. गाँजा लुकाएर राखेको सुराकीको आधारमा घरमै पुगेको प्रहरीले साहलाई १० किलो गाँजासहित नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ परेका साहलाई अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए । स्थानीयका अनुसार साह लामो समयदेखि गाँजाको कारोबारमा संलग्न रहेको जनाएका छन् ।

त्यस्तै सिरहाबाट पनि दुई जना पक्राउ परेका छन् । प्रहरीले सखुवानन्कारकट्टी गाउँपालिका-५ बाट गत शनिबार दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-१३ साकेला टोल बस्ने २१ वर्षीय सन्देश राई र सोही ठाउँका २२ वर्षीय सुगम राई छन् । उनीहरूको साथबाट डाइजेपाम ६९ एम्पुल, बुप्रेनोरफिन ७६ एम्पुल र प्रोमेथाजाइन ७४ एम्पुल बरामद भएको छ ।

भारततर्फबाट नेपाल आउँदै गरेका उनीहरूलाई शंका लागेर चेक गर्दा सो लागूऔषध बरामद भएको प्रहरीले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८